# सञ्चार माध्यममा स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था

अनुसन्धनात्मक

**अध्ययन प्रतिवेदन**

**फ्रिडम फोरमका लागि**

प्रस्तोता : मोहनसिंह लामा

## भनाइ

पत्रकारिताका कक्षाहरुमा पत्रकारिता भनेको आवाज विहीनहरुको आवाज हो, समाजको पहरेदार (वाच डक) हो, भन्ने आधारभूत स्तम्भको बारेमा पढाइएको हुन्छ । तर, 'न्युजरुम'मा पुग्दा ती आधारभूत सिद्धान्तहरु आदर्शमा मात्र समित हुन पुग्दछन् । समाजको वास्तविक आवाजविहीनहरुको आवाजले प्रेसमा स्थान पाउँदैन । पत्रकारिताको आधारभूत सिद्धान्तअनुरुप स्वभाविक 'कभरेज' पाउनु पर्ने ती विषयहरुलाई स्थान दिलाउन पनि सम्बद्ध समुदायहरुबाट आग्रह र अनुय/विनय गर्नु पर्ने अवस्था छ ।

बहुलवादी समाजको प्रेसमा सन्देश, संचारक र माध्यममा बहुलता हुनुपर्दछ भन्ने मान्यता सञ्चारविद्हरुले प्रतिपादन गरेका सिद्धान्त हुन् । यो सिद्धान्त नेपालको सन्दर्भमा अझ महत्वपूर्ण र अपरिहार्य देखिन्छ । तर, पत्रकारिताको विकासक्रम आजको अवस्थासम्मा आईपुग्दा पनि नेपाली प्रेसमा देशको बहुलवादी सामाजिक बनोट प्रतिविम्व हुन नसकेको गुनासाहरु निरन्तर सुनिदै आइरहेका छन् ।

मुलुकमा समावेशीका कुराहरु प्रखर रुपमा उठिरहेको बेला संचारमा समावेशीको प्रसंगले पनि बहसको रुप लिएको छ । राज्यका सबै निकायहरुमा समावेशीको सवालबारे बहस जारी राखेको बेला समाजिक समावेशीकरणको प्रवर्द्धन र प्रेस स्वतन्त्रको आन्दोलनमा सक्रिय सञ्चार संस्था 'फ्रिडम फोरम'ले नेपाली सञ्चारमा समावेशीको अवस्था बारेको यो अनुसन्धनात्मक लेखनवृत्तिको आयोजना गर्नु सकारात्मक काम हो ।

यतिबेला राज्यका हरेक निकायमा समावेशीको सवालमा विभिन्न मञ्चहरुमा बहस भइरहेका छन् । तर, संचारमाध्यममा समावेशीकरणको बारेमा भने यस्ता बहसहरु नगन्य छन् । यस्तो महत्वपूर्ण विषयमा फोरमले गरेको यो प्रयास सह्रानीय छ । फोरमका अध्यक्ष तारानाथ दाहालले मलाई यो विषयमा दिनुभएको उत्प्रेरणा र अवसरले संचारमा समावेशीकरणको बारेमा थप जान्ने मौका मात्र पाइनँ, नेपाली सञ्चारमाध्यममा समावेशीकरणको यथार्त अवस्थालाई उजागर गर्न पनि पाएको छु ।

यो अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका विश्लेषणहरु अनुसन्धानका क्रममा सम्बन्धित संस्थाबाट प्राप्त जानकारीको आधारमा गरिएको हो । यसमा अनुसन्धानकर्ताको व्यक्तिगत आग्रह र पूर्वाग्रह छैन । समयसीमा र अन्य विविध कारणहरुले गर्दा यस अनुसन्धानलाई नमुना अनुसन्धानको रुपमा मात्र लिन सकिन्छ । तर, अनुसन्धानका लागि समेटिएका संचार संस्थाहरुले समग्र नेपाली संचारमाध्यमको अवस्थाको प्रतिविम्व बोकेको कुरामा दूई मत छैन ।

अध्ययनका लागि छनोट गरिएको संचार संस्थाहरुमध्ये केहीलाई छाडेर अन्य सबैबाट सकारात्मक सहयोग प्राप्त भयो । त्यसका लागि सम्बन्धित सबै संचारसंस्थाहरुलाई विषेश धन्यवाद दिन चहान्छु । तर, केही छनौटमा परेका संचारसंस्थाहरुले स्वामित्व र सम्पादकीय समूहका नामावली दिन अस्वीकार गर्दै अनुसन्धानमा सहयोग नगर्दा निकै नरमाइलो लाग्यो । यसैगरी अनुसन्धानको विषयमा समावेशी सवालका अगुवाहरु, संचारविद्हरु, संचारकर्मीहरु र राजनीतिज्ञहरुले आफ्नो अमुल्य धारणाहरु व्यक्त गरेर अध्ययनलाई पूर्णतः प्रदान गर्न सहयोग गर्नुभएको छ । उहाँहरु सबैलाई मुरी-मुरी सादुवाद दिन चहान्छु ।

अन्त्यमा, यस्ता अनुसन्धानहरु पटक पटक भइरहने गर्दछन् । सर्वेक्षणबाट सार्वजानिक गरिएका निश्कर्षहरुउपर उति ध्यान गएको पाइदैन । त्यो दुःखद पक्ष हो । अनुसन्धानका नतिजा र निश्कर्षहरु सार्वजानिक भएपछि त्यसमा औल्याइएका बुँदाहरुलाई कार्यन्वयन गर्न सर्वेक्षण आयोजक संस्थाले नीति निर्माताहरुलाई सजग र सचेत गर्दै केही परिवर्तन गर्न सकेमा यस्ता अनुन्धानको सार्थकता हुनेछ । अुनसन्धानको अवसर प्रदान गरेकोमा आयोजक संस्थालाई पुनः आभार प्रकट गर्न चहान्छु ।

**मोहनसिंह लामा**

# विषय सूची


| | |
|---|---|
| १. भुमिका | ३ |
| २. परिचय | ४ |
| ३.उद्देश्य | ६ |
| ४. अध्ययन क्षेत्र | ६ |
| ५. अध्ययन विधि | ७ |
| ६. तथ्य विश्लेषण | ७ |
| ७. निश्कर्ष तथा सुझाव | १८ |
| ८. अुनसूचीहरु | |

# सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था

**भुमिका**

'लोकतन्त्र' भनेपछि 'समावेशी लोकतन्त्र' भनिरहनु नपर्ने तर्क कतिपय राजनीतिज्ञहरु राख्दछन् । उनीहरू लोकतन्त्र आफैमा समावेशी हुने बताउँछन् । तर, नेपालको सन्दर्भमा लोकतन्त्र भनौ या प्रजातन्त्र, विभिन्न कालखण्डको अभ्यासहरुमा कहिले पनि समावेशी भएको महशुस भएन । त्यसैको परिणाम हो, यहाँ प्रजातन्त्र प्राप्त हुने र गुम्ने खेल चलिरह्यो ।

लोकसम्मतिको आधारमा सञ्चालन हुने व्यवस्था नै प्रजातन्त्र हो । तर, नेपालको अहिलेसम्मको राजनीतिक अभ्यासलाई हेर्ने हो भने प्रजातन्त्र पनि सीमित वर्गभित्र, सीमित भौगोलिक पेरिफेरी र सीमित जाति भन्दा पर पुगेन । शासन पद्धतिबाट लामो कालखण्डदेखि बहिष्करणमा पर्दै आएका समुदायले कहिले पनि राज्यमा आफ्नो सहभागिताको अनुभुति गर्न सकेनन् । राज्य र ती समुदायबीचको पहुँचको खाडल निकै गहिरो बन्यो । राज्य र ती वर्गबीचको बढ्दो दूरीका कारण उनीहरुमा उब्जिएको असन्तुष्टिलाई भऱ्याङ बनाएर अधिनायकवादीहरुले पटक पटक प्रजातन्त्रलाई नेपाली समाजबाट पृथक बनाउने अभिष्ट गर्दै आएका छन् । र त्यस्ता कुत्सित अभिष्टहरु कतिपय अवस्थामा सफल समेत भएको देखियो ।

लोकतन्त्रको विकास गर्न र दीगो बनाउन राज्यको सम्पूर्ण तह, वर्ग, समुदाय र क्षेत्रका जनतालाई लोकतन्त्रको अनुभुति प्रदान गर्नु पर्दछ । उनीहरुलाई पनि लोकतान्त्रिक शासनको हिस्सेदार बनाइनु पर्दछ । 'यसका लागि लोकतन्त्रमा सबै समुदायको समावेश हुनु पर्दछ,'[1]। नेपालको राजनीतिक प्रणालीमा हिजो गरेका तिनै गल्तिहरुबाट पाठ सिकेर यतिबेला समावेशी लोकतन्त्रको बारेमा व्यापक बहस चलिरहेको छ । नेपाल जस्तो कुनै पनि जाति र समुदायको बाहुल्यता नरहेको मुलुकमा हिजोको दिनमा जस्तो 'एकात्मक शासन प्रणाली' अब नेपालको शासनपद्धति हुन सक्दैन । त्यसले नेपाली जनताको आकांक्ष पुरा गर्न सक्दैन । त्यही पद्धति दोहोऱ्याइएमा फेरी पनि बलिदानीपूर्वक प्राप्त प्रजातन्त्र धेरै समय नटिक्ने निश्चित छ । हिजो कै पद्धतिलाई निरन्तरता दिइएमा प्रतिगमनकारी वा उग्रपन्थीहरुका लागि लोकतन्त्र मास्ने मार्ग कायमै रहन्छ ।

बहुलवादी संरचना विद्यामान रहेको नेपाली समाजमा सदियौंदेखि एकात्मक किसिमको शासनपद्धतिका कारण सबै जातजाति, भाषाभाषी, भौगोलिक क्षेत्र र लिङ्गले राज्यको सबै निकायमा समावेश हुन सकेन भन्ने चेतना २०४६ पछिको प्रजातन्त्रिककालमा विकास भएको हो । त्यही अवधिमा ती समुदायले राज्यप्रतिको आफ्ना असन्तुष्टिहरु संस्थागत र संगठित रुपमा व्यक्त गर्ने अवसर प्राप्त गऱ्यो । तर, उनीहरुको असन्तुष्टिको आवाजलाई राज्यले पूर्णतः बेवास्था गर्दै निरंकुश शासनकाल कै जस्तो शासनपद्धतिलाई निरन्तरता दिदै आयो ।

[1] समावेशी लोकतन्त्रका आधारहरु, -सोसल साइन्स वहा

प्रजातान्त्रिककालमा पनि शासनपद्धतिमा रतिभर परिवर्तनको अनुभुति गर्न पाएन । त्यही असन्तुष्टिलाई भऱ्याङ बनाएर निरंकुशता र अधिनायकवादप्रेमी राजाले प्रजातान्त्रिक व्यवस्थालाई 'क' गर्दा समेत शुरुका दिनमा नेपाली समाजले तत्काल प्रतिकार नगरेको तितो यथार्त हाम्रो सामु छ ।

प्रजातन्त्रको खोल ओडेर सम्पूर्ण प्रजातान्त्रिक संरचनालाई ध्वस्त पार्दै मुलुकलाई उल्टो दिशातर्फ धकेल्न खोज्ने राजकीय मनसायबाट असैह्य बनेका नेपाली जनताले निरंकुश राजतन्त्र कै अन्त्यको उद्घोषकासाथ जनआन्दोलन २०६२/०६३ सफल पारेपछि यतिबेला नेपाल नयाँ राजनीतिक प्रणालीको निर्माणमा जुटीरहेको छ । उक्त एतिहासिक जनआन्दोलनका क्रममा राज्यबाट लामो समय बहिष्करणमा परेका समुदायले समावेशीय राज्यप्रणालीको प्रत्याभूतिका लागि बलिदानीपूर्ण त्याग देखाएका थिए । जनआन्दोलनको सफलतासँगै नेपाली समाज नयाँ राज्यसंरचना निर्माणको संक्रमणकालमा प्रवेश भएको छ । यतिबेला हरेक तहमा समावेशीकरणको बहस चलेको छ । नेपाली जनताको बलिदानीपूर्ण त्यागबाट प्राप्त लोकतन्त्रको विकास र संरक्षणका लागि अब समावेशी शासनपद्धतिको विकल्प छैन । नयाँ नेपालको निर्माणको संक्रमणकालमा जुटिरहेका सम्बद्ध सबै पक्षले यतिबेला जनआन्दोलनमा मुखरित उक्त भावनालाई आत्मसात गर्न सकेन र त्यो जनभावनालाई लत्यायो भने नयाँ नेपालको नक्शा कोर्ने अभियान अधुरै रहन्छ र शहिदको रगतको नासोका रुपमा प्राप्त लोकतन्त्र पुनः खोसिने सम्भावनालाई नकार्न सकिदैन ।

नयाँ नेपालको परिकल्पना भइरहँदा यतिबेला समावेशी सवालले बढी चर्चा पाइरहेको आभाष सबैलाई भइरहेको छ । समावेशीको सवाललाई सम्बोधन गर्ने नाममा 'अनहार' को मात्र प्रतिनिधित्व भएमा सही अर्थमा समावेशी हुँदैन । समावेशीलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि प्रतिनिधित्व त हुनु पर्छ नै त्यो भन्दा महत्वपूर्ण पक्ष भनेको सोचमा समावेशी हुन अपरिहार्य छ । त्यसैले सदियौंदेखिको एकात्मक सोचमा परिवर्तन आवशयक छ ।

राज्यका सबै संरचनाहरुमा समावेशी बनाइनु पर्छ भनिरहेका बेला राज्यको चौथो अंग संचारजगतमा पनि अहिले समावेशीका बारे बहस भइरहेको छ । हुनतः संचारमाध्यमले जहिले पनि आवाज बिहीनहरुकै आवाज बोक्नु पर्दछ । कमजोर वर्गको समस्या र सवाललाई उठान गर्न तिनै समुदायकै व्यक्तिको प्रतिनिधित्व भइरहनु पर्छ भन्ने हुँदैन । 'धार्मिक, लैंगिक, भौगोलिक तथा जातीय विभेद भोगिरहेका जनता तथा समान अवसरबाट वञ्चित पक्षका तर्फबाट आवाज उठाउनु सञ्चार जगतको कर्तव्य हुन आउँदछ । लोकतान्त्रिक सहभागिताका लागि आमसञ्चारका माध्यममा विषयवस्तु तथा सामग्रीको विविधतालाई पूर्व सर्तको रुपमा स्वीकारिनु पर्दछ ।'[2] तर, नेपाली संचारमाध्यम पनि राज्यको एकात्मक शासन पद्धतिको प्रभावबाट अलग नभएका कारण नेपाली समाज अनुरुपको बहुलवादी सोचको संचारमाध्यममा पनि खडेरी छ ।

संचारजगत् संधै जनताप्रति बढी जवाफदेही हुनुपर्दछ भन्ने सर्वमान्य मान्यता हो । त्यसैले संचारजगतले त्यो जिम्मेवारी बहन गर्न कतिको सफल भएको छ त ? भन्ने सवाल सधैं

[२] उच्चस्तरीय पिडिय सुझाव आयोग प्रतिवेदन- २०६३

बहस विषय बनिरहनु स्वभाविकै हो । वरिष्ट संचारकर्मी विनय कसजु भन्छन्- पश्चिमा मुलुकको संचारको विकास व्यापारमुखी भएकोले सामाजिक जिम्मेवारीका हिसाबले आलोचित हुनु पर्ने अवस्था आउँदैन तर, पूर्वीय संचारले आफुलाई सामाजिक र राजनीतिक विषयको वकालतीको रुपमा पनि उभ्याइएकाले सामाजिक जिम्मेवारी बहनको दृष्टिकोणबाट पनि पाठकले मुल्याङ्कन गर्दछन् ।
यस सन्दर्भमा नेपाली संचारमाध्यमले सधैंभरी राज्यको कमजोर वर्गको आवाजलाई समेट्न सकेन भन्ने आरोप खेप्दै आएको छ । परिवर्तित सन्दर्भमा संचारमाध्यमलाई अबका दिनमा त्यस्ता आरोपबाट मुक्त राख्न कसरी सकिन्छ भन्ने विषय नेपाली संचारजगतका लागि अहिले चुनौति बनेको छ । नेपाली संचारमा विविधता नदेखिनुका विभिन्न कारणहरुमध्ये ती समुदायको पनि संचारमा स्वामित्व र सहभागिता नहुनु एक हो भन्ने आलोचकहरुको तर्क छ । उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदनमा उल्लेख भएको यो बुँदाले पनि यो आलोचना मात्र हैन भन्ने कुराको पुष्टि गर्दछ । प्रतिवेदनमा भनिएको छ -आम सञ्चारको क्षेत्रमा महिला, पिछडिएका वर्ग, आदिवासी जनजाति,दलित,मधेशी र अपाङ्गहरुको न्यायोचित प्रतिनिधित्वका लागि विशेष संरक्षणको व्यवस्था हुनु पर्दछ । वर्तमान अवस्थामा संचारमाध्यममा समावेशीको अवस्था कस्तो छ र परिवर्तित सन्दर्भमा संचार जगतले आफुलाई कसरी समावेशी बनाउन सकिन्छ भन्ने बारेमा तथ्यगत विश्लेषण गरेर संचारलाई कसरी समावेशी बनाउन सकिन्छ भन्ने चिन्तन संचारजगतले बेलैमा गरिनु पर्दछ । यो प्रक्रियामा केही हद भएपनि सहयोग हुने उद्देश्यले यो संक्षिप्त अनुसन्धान गरिएको हो ।

**परिचय :**

इतिहासको छोटो कालखण्डमा नै नेपाली समाजले सञ्चार माध्यमलाई जीवन पद्दतिकै एक महत्वपूर्ण अंगका रुपमा स्वीकार गरेको छ । नेपाल जस्तो विकासोन्मुख मुलुकमा सामाजिक चेतना र परिवर्तनको क्षेत्रमा सञ्चार माध्यमले खेलेको भूमिकाको कारण नै नेपाली जनताले सञ्चार माध्यमलाई दैनिक जीवनकै एउटा पाटोको रुपमा स्वीकार गरेका हुन् भन्दा अत्युक्ति नहोला । अझ नेपालको पछिल्लो राजनीतिक परिवर्तनको क्रममा 'आधा आन्दोलन त सञ्चार क्षेत्रबाट नै भएको हो' भन्ने समाजका अगुवाहरुको अभिव्यक्तिले त सञ्चार माध्यमको भूमिका र प्रभावको बारेमा बुझ्न कुनै कठिन पर्दैन । जुन कुरा नेपाली सञ्चार जगतका लागि ठूलो गौरभका विषय हो । यस्ता थुप्रै उज्याला पाटाहरु हुँदाहुँदै पनि सञ्चार क्षेत्रमा केही कमजोर पाटाहरु पनि अझै विद्यमान छन् । तुलनात्मक रुपमा ती कमजोर पाटाहरु थोरै होलान् तर, त्यसलाई निर्मूल गर्न सकिएन भने नेपाली सञ्चार जगतले आफूलाई निर्भिक, स्वतन्त्र र जन-सञ्चार हुँ भन्ने दावीलाई प्रमाणित गर्न सकिदैन र मुलुकको बद्लिदो परिस्थिति अनुरुप आफुलाई अघि बढाउन पनि सक्दैन ।

लोकतन्त्रलाई मजबुत बनाउन संचारमाध्यमको भुमिका अहं रहने कुरामा दुई मत छैन । सार्वभौम नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकको उपभोगका लागि संचारमाध्यम कै भुमिका अग्रणी रहन्छ । जुन भुमिका लोकतन्त्रको विकासमा आधार स्तम्भ नै हो । जसरी लोकतन्त्रको विकास गर्न संचारमाध्यमको भूमिका अहं रहन्छ, त्यसरी नै लोकतान्त्रीकरणको प्रबर्द्धनको लागि पनि संचार जगतको भुमिका कम आक्न सकिन्न ।

यतिबेला नेपाली राज्यव्यवस्थालाई अग्रगामी ढंगले लोकतान्त्रीकरण गर्ने अर्थात् पुनर्संरचना गर्ने बहसले व्यापकता पाइरहेको छ । यस बहसलाई पूर्णता प्रदान गर्न संचार माध्यमले जिम्मेवार भएर भुमिका निर्वाह गर्न सकेन भने फेरी पनि नेपाली समाज यथास्थितिबाट माथि उठ्न सक्दैन । यो जिम्मेवारी बहन गर्न नेपाली संचार माध्यमले 'एड्भोकेसी' कै भूमिका निभाउनु जरुरी छ ।

साँचो अर्थको लोकतान्त्रीकरणका लागि स्वतन्त्रता मात्र पर्याप्त हुँदैन । स्वतन्त्रतासँगै निर्णायक तहमा सबैको सहभागिता भएन भने त्यो अधिनायकत्व कै अवषेश बन्न पुग्दछ । संचारमाध्यमले लोकतन्त्रीकरणको वकालतको प्रसंग कोट्याउदा संचार माध्यम स्वयंको संरचनाको बारेमा पनि बहस शुरु भएको छ । सधैं निरंकुशताको विपक्षमा उभिने र नागरिकको सूचनाको हकको प्रत्याभुति गर्ने कार्यका लागि नेपाली संचार माध्यमको समाजले खुलेरै प्रशंसा गरे पनि यहाँका संचार माध्यमले खास वर्ग, जाति, भाषा र संस्कृतिको मात्र पक्ष-पोषण गरिरहको छ भन्ने आलोचना संधै खेप्दै आइरहेको छ । 'नेपाली पत्रकारिताले 'वाच डक भन्दा पनि ल्याप डक'को भुमिका मात्र खेलेको देखिन्छ ।'[3] अझै पनि बहुसंख्यक जनताले नेपाली पत्रकारितामा स्वामित्व बोध गर्न नसकेको संधै जसो सुनिदै आएको गुनासो हो ।

नेपाली पत्रकारिताले मुलुकको बहुलबादी सामाजिक बनोट अनुसारको समावेशी र आमजनताको भावनासँग अझै एकाकार हुन सकेको छैन । बहुलवादी नेपाली समाजमा राज्य संरचनाकै ढाँचाअनुसार एकलवादी ढाँचामा नेपाली पत्रकारिता अघि बढिरहेको छ । त्यसैले राज्यको बहुलवादी सामाजिक संरचनाअनुसार संचार क्षेत्रलाई पनि बहुलवादी संरचनामा लैजानु जरुरी छ । नेपाली पत्रकारितामा आदिवासी जनजाति, महिला, दलित र मधेशीको सहभागिता अत्यन्त न्यून छ । अझैपनि ती बहुसंख्यक जनताले नेपाली पत्रकारितामा स्वामित्व बोध गर्न सकेका छैनन् । पत्रकारितालाई निजी सम्पति वा व्यपार मात्र होइन, सामाजिक दायित्व र जिम्मेवारी बोकेको सेवा क्षेत्रको रुपमा अझै आमजनताले स्वीकार गरेका छैनन् ।

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि नेपाली समाज वास्तविक रुपमा बहुलवादी समाजतिर उन्मुख भएको हो । नेपाली सञ्चार र बहुलवादी समाजको विकासको विन्दू २०४६ को प्रजातन्त्रको पुनर्वहाली नै भएकोले यी दुईबीच पनि अन्योन्याश्रित सम्वन्ध नहुने कुरै भएन । तर, नेपाली सञ्चार माध्यमले खास वर्गप्रति मात्र लक्षित हुँदै बहुलवादी सामाजिक संरचनालाई समय सापेक्ष रुपमा स्वीकार गरेको देखिदैन । प्रेसका सिद्धान्तकार जोन सी मरिलका अनुसार बहुलवादी प्रेसका लागि सन्देशमा बहुलवाद, सञ्चार माध्यममा बहुलवाद र सञ्चारकर्मी बहुलवाद आवश्यक हुन्छ ।[4] । तर, यी तीन वटै बुँदाहरुमा नेपाली प्रेस चुकिरहेको छ । यसको मूल कारण नेपाली सञ्चार माध्यमको सम्पादकीय संरचना तहमै बहुलवाद हुन नसकेकोले हो, भन्ने एकथरीको विश्लेषण छ । यसका साथै नेपाली सञ्चारको स्वामित्व पनि निश्चित वर्गमा मात्र सीमित रहेकाले पनि बहुलवादी सोचको विकास हुन नसकेको समावेशी सवाललाई वकालत गर्ने अगुवाहरुको दावी छ । तीनै विषयलाई तथ्यमा आधारित रहेर बहस गर्न सहयोग पुऱ्याउने उदद्देश्यले यो सर्वेक्षण गरिएको हो ।

[३] मिडिया इन सोसाइटी, कल्चर एण्ड कम्युनिकेशन, डा.कृष्ण ब. भट्टचन

[४] बुहुलवादी नेपाली समाजमा आमसंचार -पत्रकारिता विभाग त्रि.वि.वि, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग

पछिल्लो तथ्याङ्कअनुसार नेपालमा दर्ता भएका दुई हजार ८१ पत्रपत्रिकामध्ये ५ सय ५७ मात्र नियमित छन् । यस्तै देशभरी गरी करिब ५० वटा व्यावसायिक तथा सामुदायिक एफएम रेडियोहरु छन ।[5] केही समयअघिसम्म सरकारी स्वामित्वको नेपाल टेलिभिजनमा मात्र सीमित हुँदै आएको टेलिभिजन विस्तारै निजी स्तरमा पनि बृद्धि हुँदै गइरहेको छ । सञ्चार माध्यमले राज्यको चौथो अंगको जिम्मेवारी बोकेको हुन्छ तर त्यो जिम्मेवारी बहनमा नेपाली सञ्चार माध्यमले सफलता हासिल गर्न कतिको सफल भएको छ त, त्यो अध्ययनको विषय बनेको छ । पिछडिएको वर्ग, आदिवासी जनजाति , महिला र मधेशी समुदायले वैकल्पिक माध्यमको विकास गरेर आप्नो समस्या र सवालहरुको उजागर गर्न बाध्य बनेका अवस्थालाई हेर्दा नेपाली संचारमाध्यमले उनीहरुको आवाज बोक्न नसकेको हो भन्ने तर्कलाई बल प्रदान गर्दछ ।

'बहुलवादले प्रभावित स्वतन्त्र दक्षिण एशियाली मुलुकहरुमा विभिन्न अल्पसंख्याक जात-जातिको आवाजले उचित स्थान पाउन नसकिरहेको वा दबिएको अवस्थामा रहनुपरेको पाइन्छ । यस्तो आवाज उठिरहको देखिए पनि वास्तवमा नाममात्रको लागि हुन्छ।' ।[6] पूर्व संचारमन्त्री एवं मधेशी अधिकारवादी नेता जे. पी. गुप्ताको भनाईमा 'बहुलवादी व्यवस्थामा समाजका विभिन्न वर्ग, जात/जाति, क्षेत्र, संस्थालाई लक्षित गरी समाचार सामग्री सम्प्रेषण हुनुपर्ने हुन्छ । तर नेपाली सञ्चार माध्यमलाई नजिकबाट हेर्ने हो भने निश्चित वर्ग वा जातजातिले मात्र शक्तिशाली मूलधारलाई नियन्त्रणमा लिएको अवस्था छ । यसको मूलकारण यहाँका सञ्चार संस्थामा एक वर्ग र जातिको मात्र स्वामित्व र संरचनामा नियन्त्रण हुनु हो ।' यस अध्ययनको मुख्य उद्देश्य नेपालमा प्रकाशित/प्रशारित सञ्चार माध्यमहरुमा यी दुई विषयको अवस्था कस्ता छन् र यो बहुलवादतर्फ उन्मुख छन् कि छैनन् भन्ने कुराको जानकारी हासिल गर्नु हो ।

'नेपाली सञ्चारमाध्यमको स्वामित्व र संपादकीय संरचनामा समावेशीकरणको अवस्था' बारेमा गरिएको यस अध्ययन विस्तृत सर्वेक्षणको रुपमा भन्दा पनि नमुना सर्वेक्षणको रुपमा गरिएको छ । संचारमाध्यममा आदिवासी जनजाति, महिला, मधेशी र दलितको सहभागिताको बारेमा यसअघि पनि केही अध्ययनहरु भए पनि यस्ता अध्ययनहरु समय समयमा हुनु पर्दछ भन्ने उद्देश्यले गरिएको हो । यसबाट नेपाली संचारमाध्यममा समावेशीको सवाललाई समयानुकुल ग्रहण गर्न सक्यो या सकेन भन्ने तथ्यको उजागर गर्न सहयोग पुग्दछ ।

**उद्देश्यहरु :**

राजधानीबाट प्रकाशन प्रशारण हुने मूलधारका सञ्चारमाध्यमहरुमध्येको प्रतिनिधिको रुपमा केही संचार माध्यहरुलाई लिएर गरिएको यो अध्ययनबाट समग्र नेपाली सञ्चरमाध्यमको अवस्था झल्किने र त्यसको विश्लेषणबाट नेपालका मूलधारका संचारमाध्यमहरुमा समावेशीको अवस्था कस्तो छ भन्ने कुराको अध्ययन गर्न सकिने विश्वास गरि्एको छ । यो अध्ययनको निम्न उद्देश्यहरु रहेका छन् ।

१. नेपाली सञ्चार माध्यम कुन वर्ग/जातिको स्वामित्वमा छ ।

---

[५] प्रेस काउन्सिल नेपाल, तीसौं वार्षिक प्रतिवेदन-२०६१/०६२

[६] बुहुलवादी नेपाली समाजमा आमसंचार-पत्रकारिता विभाग त्रि.वि.वि, फ्रेडरिक इबर्ट स्टिफटुङ्ग

२. सञ्चार माध्यमको निर्णायक तहमा समावेशी अथवा बहुलवादी स्वरुपको संरचना छ कि छैन ।

३. सञ्चार माध्यमको सम्पादकीय संचारकर्मी बहुलवादी पहुँच छ कि छैन ।

४. समावेशीकरणका लागि संस्थागत नीति कस्ता छन् ।

५. सञ्चारमा बहुलवादी/समावेशी पहुँचको विकासका लागि कुन कुरा वाधक हो ।

६. सञ्चारमा समावेशीका लागि अपरिहार्य तत्वहरु के के हुन सक्छन् ।

**अध्ययनको क्षेत्र :**

यस अध्ययनको लागि राजधानीबाट प्रकाशन /प्रशारण हुने मूलधारका संचार माध्यमहरुलाई समेटिएको छ । जसमा सरकारी स्वमित्वमा र नीजि स्तरबाट सञ्चालित दुबै किसिमका संचार माध्ययहरु रहेका छन् । हुनतः नेपालमा हाल राजधानी र मोफसलमा गरी झण्डै पाँच सय भन्दा बढी संचारमाध्यमहरु नियमित प्रकाशन प्रशारण भइरहे पनि व्यवसायिक र संस्थागत रुपमा सञ्चालन भइरहेको संचारमाध्यमहरु राजधानीमा नै बढी केन्द्रित रहेका छन् । त्यसैले राजधानीका संचार माध्यमहरुलाई नमुनाका रुपमा लिएर गरिएको सर्वेक्षेणबाट अध्ययनको उद्देश्य हासिल गर्न सकिन्छ भन्ने विश्वास गरिएको छ । हुनतः मोफसलबाट प्रकाशन प्रशारण भइरहेका सञ्चारमाध्यहरुले पनि आफुलाई व्यवसायिक रुपमा संचालन गरिरहेको छ । यद्यपि, जनशक्ति कार्यरतको हिसाबले राजधानीबाट संचालन हुने माध्यमहरुलाई नमुनाको रुपमा लिदा अध्ययनको उद्देश्य पुरा हुने विश्वास लिइएको छ । यस सर्वेक्षणका लागि राजधानीबाट संस्थागत रुपमा प्रकाशन/प्रशारण हुने मुलधारका संचारमाध्यमहरुलाई 'र्‍यान्डम स्याम्प्लिपङ'को आधारमा छनोट गरिएको छ । सरकारी संचारमाध्यमहरु भने सबैलाई समेटेको छ । सरकारी संचारमा माध्यमहरुमा समावेशीको आस्तविक अवस्था के छ भन्ने तथ्य पत्ता लगाउन पनि सरकारी स्वमित्वका सबै संचारमाध्यहरुलार्य सर्बेक्षणमा सामेल गरिएको हो ।

यस नमुना सर्वेक्षणका लागि राजधानीबाट प्रकाशन/प्रशारण हुने संचार माध्यमहरु गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, काठमाडौ पोष्ट दैनिक, नेपाल समाचारपत्र दैनिक, राजधानी दैनिक, राष्ट्रिय समाचार समिति, अन्नपूर्ण पोष्ट दैनिक, द हिमालयन टाइम्स दैनिक, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, रेडियो नेपाल, इमेज टेलिभिजन, च्यानल नेपाल टेलिभिजन, नेपाल एफएम, एचबिसी एफएम, मेट्रो एफएम, कान्तिपुर एफएम, समय राष्ट्रिय साप्तहिक र हिमाल पाक्षिकलाई छनौट गरिएको थियो । तर, आप्का हाउसद्धारा प्रकाशन गरिने दि हिमालयन टाइम्स दैनिक र इन्टरनेश्नल मिडिया नेटवर्कद्धारा प्रकाशन गरिने अन्नपूर्ण राष्ट्रिय दैनिकबाट भने नामावली दिने आधिकारिक निकाय मानव संसाधान शाखाका आधिकारिक  व्यक्ति हाल लामो विदामा रहेकोले नामावली दिन नसकिने बतायो  । यस्तै च्यानल नेपाल टेलिभिजनले भने संस्थाको  संचालक समिति र संपादकीय समूहको नाम दिन नमिल्ने भनी अध्ययन सामाग्री उपलब्ध गराएन । अन्नपूर्ण पोष्ट र द हिमालयन टाइम्स दैनिक भारतीय लगानिमा स्थापित इन्टरनेश्नल मिडिया नेटवर्क र आप्का नेपाल नामक संस्थाहरुले प्रकाशन गर्दै आएको छ भने

च्यानल नेपाल टेलिभिजनको सञ्चालक स्पेश टाइम नेटवर्कमा पाकिस्तानी लगानी रहेको आरोप लाग्दै आएको छ ।

**अध्ययन विधि :**

यस सर्वेक्षणका लागि राजधानीबाट प्रकाशन/प्रशारण हुने छापा र विद्युतीय माध्यम गरी १६ वटा संचार संस्थाहरुबाट सूचना संकलन गरिएको छ । ती सबै सञ्चारमाध्यमहरुको स्वामित्वको संरचना र सम्पादकीय समूहको संरचनाको तथ्याङ्क लिन दुई वटा छुट्टा-छुट्टै फारममा नामावली संकलन गरिएको छ ।
उक्त नामवलीमा बाहुन/क्षेत्री एक समूह, आदिवासी जनजाति एक समूह, महिला एक समूह, दलित एक समूह, मधेशी एक समूह र माडवारी एक समूह गरी समूह छुट्टयाएर विविध जातजातिको तथ्याङ्क लिने कार्य भएको छ । आदिवासी जनजातिमा भने नेवार र अन्य जनजातिको छुट्टा-छुट्टै तथ्याङ्क लिइएको छ । सर्वेक्षणको जानकारी प्राथमिक श्रोतबाट नै लिने उद्देश्यले संचारसंस्थाको कार्यालयमा नै पुगेर सम्बन्धित निकायबाट फारम भरेको छ । सर्वेक्षणको विषयमा धारणा बुझ्न समावेशी सवालका अगुवाहरु र संचारकर्मीहरुसंग छुट्टा-छुट्टै कुराकानी गरेको छ । सर्वेक्षण फारमबाट प्राप्त नामावलीलाई सुचिकरण गरी जातीय, क्षेत्रीय र लैङ्गिकताको आधारमा विश्लेषण गरिएको छ ।

**तथ्य विश्लेषण :**

राज्यको अन्य निकायमा जस्तै संचारमाध्यममा पनि स्वामित्व र सम्पादकीय समूहको संरचनामा बाहुन/क्षेत्री कै बाहुल्यता देखिएको छ । सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा आदिवासी जनजाति, महिला, मधेशी र दलितको सहभागिता अहिले पनि निकै न्यून देखिन्छ । तथ्याङ्कले जनजातिको उपस्थिति अन्यको तुलनामा केही बढी देखाएको छ । ती मध्ये अधिकांश नेवार जातिका छन् । अन्य जनजातिको प्रतिनिधित्व नगन्य छ । तुलनात्मक रुपमा संचार स्वामित्वको संरचनामा जनजातिपछि माडवारी समुदायको उपस्थिति बढी देखिन्छ भने बाहुन क्षेत्रीको बाहुल्यता छैन । यता, समाचार निर्माणको संरचनामा भने बाहुन/क्षेत्रीको बाहुल्यता छ । प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्ने क्रममा स्वामित्व संरचना र सम्पादकीय संरचनालाई छुट्टा-छुट्टै शिर्षकमा विश्लेषण गरिएको छ ।

**क. संचारमाध्यममा स्वामित्वको संरचना :**


अध्ययनमा समेटिएका १६ वटा संचारमाध्यमहरुको तथ्याङ्कले संचारमाध्यमको स्वामित्वको संरचनामा ४९ दशमलब १८ प्रतिशत बाहुन/क्षेत्रीको सहभागिता रहेको छ । यस्तै २१ दशमलब ३१ प्रतिशत आदिवासी जनजातिको सहभागिता छ । आदिवासी जनजातिको सहभागितालाई नेवार र गैरनेवारमा छुट्टयाउने हो भने नेवारको सहभागिता १९ दशमलब ६७ प्रतिशत र अन्य जनजातिको सहभागिता एक दशमलब ६३ प्रतिशत मात्र हुन आउछ । यसैगरी माडवारीको प्रतिनिधित्व १३ दशमलब ११ प्रतिशत, महिलाको प्रतिनिधित्व नौ दशमलब ८३ प्रतिशत र दलितको प्रतिनिधित्व एक दशमलब ६३ प्रतिशत देखिन्छ । उक्त तथ्याङ्क अनुसार संचार स्वामित्वमा नेवार बाहेकका अन्य आदिवासी जनजाति र दलितको सहभागिता न्यून छ । यी दुबै समुदायको सहभागिता भएको संचारमाध्यममा दलितको सहभागिता राष्ट्रिय समाचार

समिति (रासस) मा हो । राससमा नियुक्त हुनुभएका मिठाराम दुखी विश्वकर्मा जनआन्दोलन-२ पछिको लोकतान्त्रिक सरकारले नियुक्त गरिएको हो । विश्वकर्मा नेपालको एक शताब्दी लामो संचारको इतिहासमै संचार संस्थाको उच्च नेतृत्वमा पुग्ने एकमात्र दलित हुनुहुन्छ । यस्तै नेवार बाहेकका जनजातिमा राजधानी राष्ट्रिय दैनिकका प्रकाशक उत्सर्ग प्रकाशन प्रा.ली.का अध्यक्ष महेन्द्र शेरचन हुनुहुन्छ । यी बाहेक गैर नेवार जनजाति र दलितको सहभागिता अन्य संचार माध्यमहरुमा शून्यको अवस्थामा छ । यस्तै स्वामित्व संरचनामा महिला सहभागिता रहेको संचार संस्थामा नेपाल टेलिभिजनमा सरकारले नियुक्त गरेको अध्यक्ष र नीजि क्षेत्रका संचार माध्यमहरुमा इमेज टेलिभिजन र हिमाल पाक्षिक पत्रिका रहेका छन् । संचारमा स्वामित्व संरचनाको विवरण  तालिका-१मा उल्लेख गरिएको छ ।

स्वामित्व संरचनाको विवरणबाट कति वटा संचारमाध्यहरु कुन जातिको स्वामित्वमा संचालन भइरहेका छन्, भन्ने निश्कर्ष निकाल्न सकिन्छ । तर, सरकारी स्वामित्वमा संचालन भइरहेका संचारमाध्यमहरुमा संचालक समितिको गठन  सरकारले गर्ने भएकोले सरकारले गरिने नियुक्तिहरुमा समावेशी स्वरुप छ की छैन, भन्ने कुरा भने महत्वपूर्ण छ । प्राप्त जानकारीहरुबाट निकालिएको  निश्कर्ष छ- जन आन्दोलनपछिको लोकतान्त्रिक सरकारले नियुक्ति गरिएका सञ्चालक समितिहरुमा पनि समावेशीय स्वरुप देखिएको छैन । जुन कुरालाई समावेशी अभियानकर्ताहरुले गम्भीर रुपमा लिएका छन्  । सरकारको स्वामित्वमा संचालन भइरहेका संचारमाध्यमहरुमा संचालक समितिको व्यवस्था हुने गर्दछ । तल उल्लेखित तालिका-२ बाट सरकारी संचारमाध्यमको संरचना बारेमा स्पष्ट हुन आउँछ । उक्त तालिकाअनुसार गोरखापत्रको चार सदस्यीय संरचनामा सतप्रतिशत बाहुन क्षेत्री मात्र छन् । यस्तै रेडियो नेपालको पाँच सदस्यीय संरचनामा एक जना नेवार र चारजना बाहुन/क्षेत्रीको प्रतिनिधित्व छ । नेपाल टेलिभिजनका संरचनाअनुसार पाँच जनाको संचालक समितिमा अध्यक्षमा महिला र एक सदस्यमा मधेशीको उपस्थिति छ, बाँकी सबै बाहुन/क्षेत्रीको सहभागिता रहेको छ । यस्तै राष्ट्रिय समाचार समितिको पाँच सदस्यीय संरचनामा अध्यक्षमा दलितको सहभागिता रहको छ भने एक/एक जना मधेशी र नेवार छन् । सरकारी संचारमाध्यममा पनि नेवार बाहेकका अन्य जनजातिको सहभागिता शुन्यको अवस्थामा छ । सरकारी स्वामित्वका संचारमाध्यमहरुको समावेशी अवस्थालाई प्रतिशतको आधारमा हेर्ने हो भने ६८ दशमलब ४२ प्रतिशत बाहुन/क्षेत्रीको सहभागिता छ । यस्तै आदिवासी जनजातिको सहभागिता १० दशमलब ५२ प्रतिशत रहे पनि ती सबै नेवारमात्र छन् । मधेशीको प्रतिनिधित्व पनि १० दशमलब ५२ प्रतिशत नै रहेको छ भने महिला र दलितका प्रतिनिधित्व क्रमशः ५ दशमलब २६ र ५ दशमलब २६ प्रतिशत नै रहेको छ ।

निजीक्षेत्रको संचारमाध्यमको स्वामित्व संरचनालाई गरिएको अध्ययनमा सामेल गराइएका संचारमाध्यमहरु मध्ये कान्तिपुर टेलिभिजनमा बाहुन र माडवारीको  स्वामित्व, इमेज टेलिभिजनमा आदिवासी जनजाति नेवारको स्वामित्व, कान्तिपुर दैनिकमा बाहुन र माडवारीको स्वामित्व, नेपाल समाचारपत्र दैनिक नेवार र माडवारीको स्वामित्व, राजधानी दैनिकमा आदिवासी जनाजतिको स्वामित्व, नेपाल एफएममा बाहुन/क्षेत्रीको मात्र स्वामित्व, समय साप्ताहिकमा बाहुन र नेवारको स्वामित्व, हिमाल पाक्षिकमा बाहुन र नेवारको स्वामित्व  र काठमाडौं महानगरपालिकाद्धारा सञ्चालित मेट्रो एफएममा पनि बाहुनको मात्र प्रतिनिधित्व देखिएका छन् ।

संचारमाध्यममा स्वामित्व संरचना




संचारको स्वामित्वमा समावेशीको कुरा गर्दा तथ्यहरु अलि फरक किसिमको पाइएको छ । स्वामित्वको कुरा लगानीसँग सम्बन्धित रहने भएकाले लगानी जसले गर्छ, संचारसंस्थाको संचालक समिति उनीहरुकै पारिवारिक सेरोरफेरोभित्र सीमित रहेको देखिएको छ । यसमा सबै क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरुलाई समेटेर संरचना निर्माण गर्ने अभ्यास कतै भेटिएन । राज्यको स्वामित्वमा रहेका संचार माध्यमहरुमा समावेशीय स्वरुपको संरचना निर्माण गर्नसक्ने भएपनि त्यतातिर ध्यान गएको पाइँदैन । राससमा नियुक्ति पाएका अध्यक्ष मिठाराम दुखीलाई दलित भएकाले समावेशीको अवधारणा अनुरुप समावेशी गरेको नभई राजनीतिक नियुक्ति गरिएको हो ।

संचारमाध्यमलाई कस्तो संरचनामा अगाडि बढाउने भन्ने महत्वपूर्ण कुराको निर्णय गर्ने जिम्मेवारी संस्थाको संचालक समिति वा बोर्ड को हो । यो मुख्य अङ्ग नै समावेशी संरचनाको बारेमा सम्वेदनशील भएमा मात्र संस्थाको अन्य अङ्ग पनि समावेशी हुन सक्छ । अन्यथा असम्भव प्रायः हुन्छ । यद्यपि, नीजि क्षेत्रको संचार संस्थाहरुमा समावेशी संरचनामा स्वरुप दिन भने त्यति सजिलो नभएको संचारविद्हरु बताउँछन् । पत्रकार युवराज घिमिरेअनुसार मिडियामा दुर्भाग्यवश स्वामित्व पनि सुबिधाभागी समुदायबाट नै आउने गर्दछ । त्यसको अन्त्यका लागि जनजाति र अन्य समुदायबाट पनि मिडियामा लगानि गर्न आउनु पर्दछ । उहाँ प्रश्न गर्नुहुन्छ- तराईमा संचारमाध्यममा लगानि गर्न सक्ने अवस्था छैन र ? सोलुका जनजातिले मिडियामा लगानी गर्न सक्दैन त ? तर, उच्चस्तिरीय मिडिया सुझाब आयोगका अध्यक्ष राधेश्याम अधिकारी मिडियाको स्वामित्वमा समावेशी तत्कालै परिवर्तन गर्न नसकिने बताउनुहुन्छ ।

नेपाली संचारको अर्को दुर्बल पक्ष भनेको स्थानीय र क्षेत्रीय मिडियाको विकास हुन नसक्नु पनि हो । स्थानीय, क्षेत्रीय र विभिन्न भाषाका संचारमाध्यमले विकास हुने मौका पाएमा

संचारमा समावेशीको सवाललाई समेत केही हदसम्म सम्बोधन गर्न सकिन्छ । पत्रकार धर्मेन्द्र झाको विचारमा संचारमा विभिन्न क्षेत्र, वर्ग र समुदायको सवाललाई समेट्न नसक्नुमा संचारमा एकै वर्गको स्वामित्वका कारण पनि हो । निजीक्षेत्रका संचारमाध्यमहरुको स्वामित्वको संरचनालाई समावेशी बनाउन नसकिए पनि क्षेत्रीय र राष्ट्रिय भाषाको पत्रकारितालाई प्रवर्द्धन गर्न सकेमा संचारमाध्यमको स्वामित्वमा अन्य समुदायको पनि सहभागिता बढ्दै जानेछ । नेपाली भाषा मै पत्रिका निकाल्नु पर्ने मान्यतालाई तोडेर राष्ट्रिय पत्रकारिताको अवधारणाको विकास गराउनका लागि राज्यले यस विषयलाई सम्बोधन गर्ने किसिमका नीति ल्याउनु पर्ने पत्रकार झा बताउनुहुन्छ । संचारविद् विनय कसजुको विचारमा पनि मूलधारको संचारमा रहेको एक वर्गको स्वामित्वलाई तोड्न सामुदायिक र स्थानीय संचारमाध्यलाई विकास गर्ने कार्यक्रम आउनु पर्दछ ।

तर, सरकारी स्वामित्वमा सञ्चालन हुँदै आएका संचारमाध्यमहरुको नीति निर्माण तहमा भने सबै वर्ग, क्षेत्र र समुदायलाई समावेश गरी सबै जनताको स्वामित्वको बोध गराउनु आवश्यक रहेकोमा सबैको एक मत छ । त्रिभुवन विश्वविद्यालय रत्नराज्य क्याम्पसका पत्रकारिता तथा आमसंचार विषयको अध्यापनमा लामो समयदेखि संलग्न रहदै आउनुभएका लालदेउसा राई भन्नुहुन्छ- 'राज्यद्वारा संचालन गरिरहेको संचारमाध्यमहरुलाई निजीकरण गरिनु पर्‍यो र त्यसमा सबै खालको समुदायहरुको पनि शेयर समावेश गराएर ती माध्यमहरुमा उनीहरुको पनि स्वामित्व स्थापित गराउनु पर्‍यो । राज्यले नै समावेशीयुक्त संचार नीति ल्याएर त्यसलाई व्यवहारमा कार्यान्वयन गरिनु पर्दछ ।' संचारविद् विनय कसजु, संचारकर्मीहरु धर्मेन्द्र झा र बिनोद पहाडी पनि सरकारी स्वामित्वमा सञ्चालित संचारमाध्यमको निर्णायक तहमा सबै समुदायको सहभागिता हुनु पर्नेमा जोड दिनुहुन्छ ।


सरकारी स्वामित्वको सञ्चारमाध्यमहरुको सञ्चालक समितिको हालसम्मको गठन प्रकृतिलाई हेर्ने हो भने अत्यन्त एकात्मक संरचना मात्र देखिन्छ । मार्टिन चौतारीले दुई वर्षअघि प्रकाशित रेडियो नेपालको सामाजिक इतिहास नामक पुस्तकमा धीरेन्द्र प्रेमर्षीद्धारा लिखित 'रेडियोमा मधेश र मधेशी' शिर्षकको खोजमुलक लेखमा रेडियोको इतिहासमा हालसम्मा मधेशी समुदायको तर्फबाट एकमात्र कार्यकारी निर्देशक नियुक्ति भएको उल्लेख गरिएको छ । यसपटक अर्को सरकारी संचारमाध्यम रासससमा दलित समुदायको व्यक्तिलाई अध्यक्षमा नियुक्ति गरेर नेपाली संचारकै इतिहासमा पहिलो दलित संचारसंस्थाको उच्च ओहोदामा पुर्‍याएको छ । झट्ट हेर्दा उच्च ओहोदामा दलितको नियुक्तीले समावेशीको स्वरुप हासिल गरेको जस्तो देखिए पनि समावेशीको वास्तविक अवधारणा अनुरुप नियुक्ति भएको भने होइन । यो राजनीतिक निकटताका कारणले भर्ति गरेको जस्तो मात्र हो । नेवार बाहेकका आदिवासी जनजातिको अहिलेसम्म त्यस्तो पहिलो हुने अवसर कसैले पाएका छैनन् । त्यसैले यस्ता निकायहरुमा सरकारले समावेशीको अवधारणासहित निश्चित समुदायको पहिचान गरेरै सहभागी गराउनु आजको आवश्यकता हो । पत्रकारिता तथा आमसंचार विषयको अध्यापनमा लामो समयदेखि संलग्न रहदै आउनुभएका लालदेउसा राई पनि समावेशीको अवधारणालाई व्यवहारतः कार्यन्वयन गर्न सरकारले नै पहल गर्नु पर्नेमा जोडदिनु हुन्छ ।

## सम्पादकीय समूहमा समावेशी संरचना

संचार माध्यमबाट संप्रेषण गरिने समाचारमुलक सामाग्री उत्पादनमा महत्वपूर्ण अङ्ग मानिने सम्पादकीय समूहको संचरनामा समावेशीयस्वरुप कहाली लाग्दो अवस्थामा छ । आदिवासी जनजाति, महिला, मधेशी र दलितको सहभागिता सम्पादकीय समूहमा तुलनात्कम रुपमा न्यून रहेको छ । सर्वेक्षण गरिएका १६ वटा संचारमाध्यममा कार्यरत कुल तीन सय ९८ संचारकर्मी मध्ये दुई सय ४६ जना अर्थात् ७१ दशमलब ६० प्रतिशत बाहुन/क्षेत्रीको सहभागिता छ । अन्यको प्रतिशतको आधारमा विश्लेषण गर्दा आदिवासी जनजातिको सहभागिता ४८ जना अर्थात १२ दशमलब ०६ प्रतिशत रहेको छ । आदिवासी जनजातिको सहभागितामा नेवार र गैरनेवार जनजातिमा विभाजन गर्दा नेवारको सहभागिता ३२ अर्थात ८ दशमलब ०४ प्रतिशत र नेवार बाहेक अन्य आदिवासी जनाजतिको सहभागिता १६ अर्थात ४ दशमलब ०२ प्रतिशत हुन आउँछ । यसैगरी महिलाको प्रतिनिधित्व ४७ जना अर्थात ११ दशमलब ८० प्रतिशत रहेको छ भने मधेशीको प्रतिनिधित्व १४ जना अर्थात ३ दशमलब ५१ प्रतिशत रहेको छ र दलितको प्रतिनिधित्व ४ जना अर्थात १ प्रतिशत हुन आउँछ ।

सम्पादकीय समूहको नेतृत्वमा यी समुदायको प्रतिनिधित्व पटक्कै छैन भन्दा हुन्छ । कूल १६ वटा संचार माध्यहरुमध्ये राष्ट्रिय समाचार समिति र काठमाडु पोष्ट दैनिकमा नेवारको सहभागिता छ । रेडियो नेपालको प्रमुख सम्पादकको पदमा महिला छन्, बाँकी सबैमा बाहुन/क्षेत्री को बाहुल्यता छ । बाहुन/क्षेत्री बाहेक अन्य समुदायको सम्पादकीय समूहमा प्रतिनिधित्वको तथ्याङ्कलाई केलाउदा कुनै पनि संचार माध्यमले समावेशीय अवधारणा अनुरुप संपादकीय संचरनाको निर्माण गरिएको देखिदैन । यी समुदायको एकाध व्यक्तिहरु मात्र सम्पादकीय समूहमा प्रतिनिधित्व गरेका छन् । सम्पादकीय समूहको संरचना हरेक संचार संस्थामा कस्तो छ भन्ने विवरण निम्नानुसार रहेको छ । सरकारी संचारमाध्यमको विवरण तालिका-४ मा छुट्टै पनि प्रस्तुत गरिएको छ ।

सम्पादकीय संरचनामा संचारकर्मी



२०५८ सालमा मार्टिन चौतारीद्वारा गरिएको एक सर्वेक्षणमा अधिराज्यको विभिन्न ७३ वटा प्रकाशन संस्थाहरुको सम्पादकीय समूहमा रहेका ९ सय ५६ जनामध्ये आदिवासी जनजातिको सहभागिता १७ दशमलब १५ प्रतिशत, महिला र दलितको सहभागिता क्रमशः ५ दशमलब ३३ प्रतिशत र १ दशमलब ७८ प्रतिशत देखाइएको थियो ।

यसैगरी उपत्यका भित्र गरिएको सर्वेक्षणमा ४१ वटा प्रकाशन संस्थामा कार्यरत ६ सय ९३ जनामध्ये आदिवासी जनजातिको सहभागिता २१ दशलमव पाँच प्रतिशत, दलितको सहभागिता एक दशमलब ५८ प्रतिशत र महिलाको हिस्सा चार दशमलव ४७ प्रतिशत देखिएको थियो । सर्वेक्षणमा जातीय विषयमात्र समेटिएर प्रकाशित पत्रिकाहरुलाई पनि लिइएकाले जनजाति र दलितको संख्या केही बढी देखिएको छ । तर, मूलधारको पत्रकारितामा ती समुदायको सहभागितालाई हेर्ने हो भने त्यो संख्या न्यून नै हुन आउँछ । मार्टिन चौतारीको उक्त सर्वेक्षण प्रतिवेदन र हालको सर्वेक्षणमा देखिएको फरक भनेको महिलाको सहभागिता हो । छापा माध्यमलाई मात्र समिटिएको सो सर्वेक्षणमा ६ सय ९३ जनाको सम्पादकीय समूहमा ३१ जना अर्थात् चार दशमलव ४७ प्रतिशत मात्र देखिएको थियो । तर, यस अनुसन्धानमा समेटिएका मुलधारका १६ वटा छापा तथा विद्युतीय माध्यमहरुमा कार्यरत तीन सय ९८ जनाको सम्पादकीय समूहमा ४७ जना महिलाको सहभागिता रहेको देखिएको छ । यो नतिजा अनुसार २०५८ सालको तुलनामा संचारमाध्यममा महिलाहरुको सहभागिता क्रमशः बढ्दो छ । यद्यपि यस अनुसन्धानमा विद्युतीय माध्यमहरु बढी समेटिएकोले पनि महिलाको सहभागिता बढी देखिएको हुन सक्छ । त्यसैले विद्युतीय संचारमाध्यमलाई छोडेर गरिएको अध्ययनले संचारमा महिलाको सहभागितालाई पूर्णतः भन्न मिल्दैन ।

सर्वेक्षणमा समेटिएका संचारमाध्यमहरुको सम्पादकीय समूहको संरचना छुट्टा-छुट्टै रुपमा निम्न अनुसार रहेको छ ।

**नेपाल टेलिभिजन :**

नेपाल टेलिभिजनमा कार्यरत ३८ जना संचारकर्मीमध्ये २६ जना बाहुन/क्षेत्री हुन् । जनजाति चार जना छन् । महिला र मधेशीको संख्या क्रमशः सात र एक छ । समाचार वाचनमा महिला संचारकर्मीहरु बढी क्रियाशील रहेकाले सम्पादकीय समूहमा महिलाको संख्या बढी जस्तो देखिए पनि उनीहरुको समाचार निर्माणका क्षेत्रमा न्यूनमात्र सहभागिता छ । दलितको सहभागिता शून्य रहेको यस सरकारी स्वामित्वको संचारमाध्यमको सम्पादकीय संरचनामा समावेशीको अवधारणा देखिदैन ।

**रेडियो नेपाल :**

सरकारी स्वमित्वमा रहेको रेडियो सेवा विकास समितिद्धारा सञ्चालित रेडियो नेपालमा ४५ जना संचारकर्मीहरु कार्यरत छन् । कुल संचारकर्मीहरुमध्ये २६ जना बाहुन/क्षेत्री छन् । यस्तै महिला ११ जना, जनजाति दुई जना र मधेशी ६ जना कार्यरत छन् । दलितको सहभागिता शून्य रहेको यस सरकारी संचारमाध्यममा महिला र मधेशीको संख्या मातृ भाषामा समाचार वाचन गर्ने भएकाले बढी देखिएको छ । समाचार संकलन कक्षामा कार्यरत १३ जना पत्रकारहरु

सबै बाहुन/क्षेत्री हुन् । कुल प्रतिशतको आधारमा हेर्दा सम्पादकीय समूहमा समावेशीय जस्ता देखिए पनि रेडियो नेपालको समाचारकक्षा पूर्णतः एकाङ्गी स्वरुपको छ ।

**गोरखापत्र दैनिक :**

छापामा सरकारी मुखपत्रको रुपमा रहेको गोरखापत्र दैनिक नेपालकै सबैभन्दा पुरानो पत्रिका हो । एक शताब्दीको इतिहास पार गरिसकेको यस दैनिक पनि समावेशीका सवालमा अत्यन्तै अनुदार देखिन्छ । यहाँ कार्यरत कूल ४० संचारकर्मीमध्ये ३३ जना बाहुन/क्षेत्रीको प्रतिनिधित्व छ । यो अनुपात कुल संचारकर्मीको ८२ प्रतिशत भन्दा बढी हुन आउँछ । यस दैनिकमा आदिवासी जनजातिको संख्या चार, महिलाको संख्या दुई र मधेशीको सहभागिता एक रहेको छ । राज्यका सबै समुदायका नागरिकले तिरेको करबाट सञ्चालित यस दैनिकमा समावेशीय संरचना पाईदैन ।

**राष्ट्रिय समाचार समिति :**

नेपालकै एक मात्र समाचार संस्थाको रुपमा रहेको राष्ट्रिय समाचार समिति पनि सरकारी स्वामित्वमा सञ्चालित छ । राष्ट्रिय महत्वका सबै खाले समाचार निर्माण गरी मुलुकभर र विदेशमा समेत संचारमाध्यमहरुलाई खवर दिने यस संस्था पनि समावेशीको सवालमा अन्य संचारमाध्यभन्दा पृथक छैन । संस्थामा कार्यरत २३ संचारकर्मीमध्ये १६ जना बाहुन/क्षेत्री समुदायका छन् । यस्तै आदिवासी जनजातिमा नेवार समुदायको मात्र ४ जनाको सहभागिता छ भने महिला र दलितको सहभागिता क्रमशः २ र १ रहेका छन् । मधेशीको सहभागिता यो संस्थामा छैन ।

**कान्तिपुर दैनिक :**

कान्तिपुर पब्लिकेशनद्धारा प्रकाशित कान्तिपुर दैनिकको समाचार शाखामा कार्यरत ३८ जना संचारकर्मीहरु मध्ये २७ जना बाहुन/क्षेत्री छन् । यस दैनिकमा आदिवासी जनजातिको संख्या आठ रहेको छ भने महिलाको संख्या दुई र मधेशीको संख्या एक रहेका छन् । यस दैनिकमा आदिवासी जनजातिको संख्यामा अन्य संचारमाध्यमको तुलनामा केही सुधारिएको अवस्था देखिएको छ । यो संख्यामा समाचार डेस्कमा क्रियाशील संचारकर्मी सम्मिलित छैन । महिला र मधेशीको संख्या अत्यन्त न्यून देखिएको छ भने दलितको सहभागिता छैन । सबै समुदायको समानुपातिक रुपमा सहभागिता नरहेकोले कान्तिपुरको संपादकीय समूहको संरचना पनि एकाङ्गी नै देखिन्छ ।

**नेपाल समाचारपत्र दैनिक :**

कामना प्रकाशन समूहद्धारा प्रकाशित यस दैनिकमा कार्यरत ४४ संचारकर्मी मध्ये २८ जना बाहुन/क्षेत्री समुदायका छन् । १३ जना आदिवासी जनजातिको प्रतिनिधित्व रहे पनि यी सबै नेवार मात्र हुन् । यस दैनिकमा नेवारबाहेक अन्य जनजातिको सहभागिता शून्यको अवस्थामा छ । यस दैनिकमा दुई जना महिला र एक जना मधेशीको सहभागिता छ । दलित छैनन् । तथ्याङ्क अनुसार महिलाको प्रतिनिधित्व न्यून छ । यो संख्या कुल संचारकर्मीको ४ दशमलव ५४ प्रतिशत मात्र हो ।

**राजधानी दैनिक :**

उत्सर्ग प्रकाशनद्धारा प्रकाशित राजधानी दैनिकमा कार्यरत सम्पादकीय समूहको कूल २० संचारकर्मी मध्ये १५ बाहुन/क्षेत्री हुन् । आदिवासी जनजातिको सहभागिता ३ जना रहेका छन् भने महिला र मधेशी संचारकर्मीको संख्यो १/१ छन् । यस दैनिकमा पनि समावेशी संरचनामा कुनै सन्तुलन देखिदैन ।

**कान्तिपुर टेलिभिजन :**

कान्तिपुर टेलिभिजन नेटवर्कद्धारा सञ्चालित कान्तिपुर टेलिभिजनमा ४९ जना सञ्चारकर्मीहरु कार्यरत छन् । ४९ सञ्चारकर्मीमध्ये ३३ जना बाहुन/क्षेत्री जातिका छन् भने महिलाको संख्या १० रहेको छ । यस्तै जनजातिको संख्या चार, मधेशी र दलितको संख्या क्रमशः १,१ रहेको छ । समाचार शाखामा क्रियाशील महिलाको संख्या केही बढी देखिएपनि समाचार वाचनतर्फ महिलाको संख्या बढी देखिएकाले महिला प्रतिनिधित्व धेरै देखिएको हो । यो संस्थामा पनि सम्पादकीय समूहमा समावेशीय अवधारणा पाइँदैन ।

**काठमाडौ पोष्ट दैनिक :**

कान्तिपुर पब्लिकेशन कै अर्को प्रकाशन काठमाडु पोष्टमा सम्पादकीय समूहमा २० जना संचारकर्मीहरु कार्यरत रहेका छन् । समाचार शाखामा कार्यरत कुल संचारकर्मी मध्ये १८ जना बाहुन/क्षेत्री छन् भने दुई जना आदिवासी जनजातिको सहभागिता रहेको छ । यी दुवै जना आदिवासी जनजातीको नेवार समुदायका हुन् । यस दैनिकमा पनि न्युजरुपमा कुनै विविधता देखिदैन । समाचार संकलन शाखाको यो तथ्यले महिला, मधेशी र अन्य जनजाति र दलितको सहभागिता शून्य देखाएको छ ।

**इमेज टेलिभिजन :**

इमेज च्यानल प्रा.लि.द्धारा संचालन हुदै आएको इमेज टेलिभिजनको समाचार कक्षामा कुल १९ पत्रकारहरु कार्यरत रहेका छन् । ती मध्ये १२ जना बाहुन/क्षेत्री रहेका छन् भने ६ जना महिला छन् । ६ जना महिला संचारकर्मीमध्ये अधिकांश समाचार बाचकका रुपमा क्रियाशील रहेका छन् । नेवारको प्रतिनिधित्व एक जनाको रहेको छ भने अन्य जनजाति र दलितको सहभागिता शून्यको अवस्थामा रहेको छ ।

**समय साप्तहिक :**

भृकुटी प्रकाशन प्रा.लि.द्धारा प्रकाशन हुदै आएको समय साप्ताहिक २०६१ सालबाट शुरु भएको हो । सम्पादकीय समूहमा कार्यरत १३ संचारकर्मीमध्ये एक जना दलितबाहेक सबै जना बाहुन/क्षेत्री हुन् ।

**हिमाल खबरपत्रिका :**

हिमाल मिडिया प्रा.लि.द्धारा प्रकाशन हुने हिमाल खबरपत्रिका पाक्षिकमा नौ जना संचारकर्मीहरु कार्यरत रहेका छन् । ९ जना संचारकर्मीहरुमध्ये ८ जना बाहुन/क्षेत्री रहेका छन् । एक जना आदिवासी जनजाति हुन् । यस पत्रिकामा अन्य समुदायको प्रतिनिधित्व छैन ।

**कान्तिपुर एफएम :**

कान्तिपुर प्रा.लि.द्धारा प्रशारण गर्दै आएको कान्तिपुर एफएममा समाचार शाखामा १० जना संचारकर्मीहरु छन् । १० जना मध्ये ९ जना बाहुन/क्षेत्री रहेका छन् भने एक जना मधेशी रहेका छन् । अन्यको सहभागिता शून्य रहेको छ ।

**नेपाल एफएम :**

नेपाल एफएममा कार्यरत ११ जना संचारकर्मीहरुमध्ये चार जना बाहुन/क्षेत्री, चार जना महिला र एक/एक जना जनजाति, मधेशी र दलित रहेका छन् । यस एफएमको समाचार कक्षामा समावेशीकरणको अवधारणा देखिन्छ ।

**मेट्रो एफएम :**

काठमाडौं महानगरपालिकाद्धारा सञ्चालित मेट्रो एफएममा समाचार शाखामा १५ जना संचारकर्मीहरु कार्यरत रहेका छन् । १५ जना मध्ये १३ जना बाहुन/क्षेत्री का रहेका छन् । यसैगरी आदिवासी जनजातिको सहभागिता दुई जनाको रहेको छ । यस एफएम स्थानिय निकायबाट सञ्चालन गरिए पनि समाचार शाखामा समावेशी स्वरुप भने छैन ।

**एचबीसी एफएम :**

एचबीसी एफएममा समाचार शाखामा पाँच जना संचारकर्मीहरु कार्यरत रहेका छन् । सबै बाहुन/क्षेत्री हुन् । यस एफएममा समाचार कक्षामा समावेशीकरणको सवाललाई कुनै प्राथमिकता दिने गरेको छैन ।

माथिका तथ्याङ्कले देखाए अनुसार मूलधारका नेपाली संचारमाध्यमहरुको सम्पादकीय समूहमा बाहुन/क्षेत्रीको बाहुल्यता रहेको पुष्टि हुन्छ ।

सबै वर्ग, क्षेत्र र समुदायको उचित सहभागिता नभएकै कारण संचारमाध्यममा ती समुदायको सवालहरुले उचित स्थान नपाएको गुनासो गर्नेहरुलाई यस तथ्यले उनीहरुको गुनासो पुष्टि गर्नका लागि थप बल मिलेको छ । तर, सम्पादकीय समूहमा सबै क्षेत्रको सहभागिता नभएकै कारण संचारमाध्यमको सामाग्री संप्रेषणमा विविधता नआएको हो भन्ने विषयमा भने संचारविद्, संचारकर्मी, अधिकारकर्मीहरुको आ-आफ्नै मत रहेका छन् ।

पत्रकार धर्मेन्द्र झाको विचारमा 'न्युज रुम'भित्र विविधता हुनुपर्दछ भन्ने अवधारणा यतिबेला अन्तराष्ट्रिय जगतमा नै उठीरहेको विषय हो । सम्पादकीय समूहको संरचनाले समाचार संकलन र संप्रेशनमा नै महत्वपूर्ण भुमिका खेल्दछ । अहिले नेपाली संचारमाध्यम एक वर्गको मात्र पकडमा रहेको बताउने पत्रकार झा यस्तो अवस्थामा विषयमा विविधता नआउनु स्वभाविकै भएको टिप्पणी गर्नु हुन्छ ।

संचारकर्मी समाचार संकलन र संप्रेषणको क्रममा Proximity र Sentiment बाट पनि प्रभावित हुने हुनाले प्राथमिकता निर्धारणमा समेत त्यसले प्रभाव पारेको हुन्छ । त्यसैले हरेक जाति, भाषा, क्षेत्र र वर्गका व्यक्तिहरु संचारकर्मीको रुपमा सहभागी भएमा उनीहरुले ती समुदायको सवालको बारेमा गरिने प्रस्तुती अन्यले गर्ने भन्दा निश्चित रुपमै प्रभावकारी हुन्छ - उहाँ भन्नुहुन्छ । झा कै विचारसँग मेल खान्छ संचारविद् विनय सकजुको भनाई पनि कुनै पनि सवालको बारमा सम्बन्धित व्यक्तिले जसरी लेख्दछ अरुले त्यसरी लेख्न सक्दैनन् । अरुले त सहनुभुति गर्ने मात्रै हो ।

त्रिभुवन विश्वविद्यालय रत्नराज्य क्याम्परका पत्रकारिता तथा आमसंचार विषयको अध्यापक लालदेउसा राई भन्नुहुन्छ - नेपाली संचार माध्यम समाज केन्द्रीत छ । जसले गर्दा नेपाली सामाजिकपद्धति जुन खालको छ त्यही प्रवृत्ति संचार माध्यममा पनि झल्किनु अस्वभाविक हैन । नेपाली राज्य संरचना एकात्मक किसिमको भएकोले त्यही कुरा संचार माध्यममा पनि प्रतिबिम्वित भएको हो । संचार माध्यमलाई बहुलवादी बनाउनका लागि राज्यले त्यसकिसिमको नीति तत्काल ल्याउन जरुरी छ ।

उहाँका अनुसार अहिले जसरी राज्यको हरेक तहमा समावेशीको कुरा उठीरहेको छ, संचार माध्यममा पनि सो सवालले प्रमुखता पाउनु पर्दछ । नेपाली समाज विविधतायुक्त छ भन्ने बोध गर्दै सोही विविधता अनुरुपको सामाग्री संचार माध्यमहरुमा भल्किनका लागि पनि यो आवश्यकता रहेको उहाँ बनाउनुहुन्छ । समावेशी शब्दको वकालतले अहिले जुन व्यापकता पाएको छ, यसको अर्थलाई सोहीअनुरुप गम्भिरताकासाथ बुझ्न जरुरी रहेको समेत उहाँ औल्याउनु हुन्छ । 'पहिचानसहित राज्यको नीति निर्माणको तहमा समानुपातिक प्रतिनिधित्व गरिने कुरा समावेशीको बहसमा प्रतिविम्वित भएन भने त्यो वास्तविक समावेशी हुँदैन ।' उहाँ भन्नुहुन्छ ।

राष्ट्रिय समाचार समितिका अध्यक्ष समेत रहीसक्नु भएका मिठाराम दुखि विश्वकर्मा पनि संचारमाध्यममा विविध समुदायको सवालहरुले स्थान नपाउनुमा प्रतिनिधित्व कै कमिका कारण भएको बताउनु हुन्छ । उहाँको विचारमा ती समुदायमा जनशक्तिको कमिका कारण प्रतिनिधित्व हुन नसकेको पनि हैन । आफु राससमा रहेका बेला पत्रकारिता क्षेत्रमा विभिन्न किसिमका

तालिम र अनुभव प्राप्त एक सय ५० जना जति देखिएको बताउनु हुने विश्वकर्मले विभिन्न खाले कठीनाईहरुका कारण उनीहरुलाई नियुक्ति भने गर्न नसकिएको बताउनुहुन्छ । सरकारी संचारमाध्यममा सोचाईको ठूलो समस्या रहेको बताउदै दलितले, जनजातिले मधेशीले के काम गर्न सकिन्छ र भन्ने नकारात्मक सोचाई रहेको उहाँ बताउनु हुन्छ । त्यसैले मानसिकतामा परिवर्तनको ठूलो खाँचो रहेको उहाँ बताउनु हुन्छ ।

पश्चिमा मुलुकहरुमा जस्तो विशुद्ध व्यवसायिक र व्यापारमुखी मात्र नभएकाले पूर्वीय मुलुकका संचारमाध्यमहरुमा प्रेसको सामाजिक भूमिकाको बारेमा पनि बहस हुने गरेको संचारविद् विनय कसजु बताउनु हुन्छ । 'प्रेसको भूमिका' भन्ने शब्दले पूर्वीय संचार माध्यमहरुबाट समाजले समेत परिवर्तनको दिशामा पनि ठूलो अपेक्षा गर्ने गरेको उहाँको अनुभव छ । त्यसैले जाति, वर्ग र हरेक समुदायले प्रेसले आफ्नो सवालहरुबारे बोलिदिनु पर्ने अपेक्षा राखेको उहाँको ठम्याइ छ । जब त्यो अपेक्षा प्रेसले पुरा गरेन जस्तो ती समुदायमा महशुस हुन्छ, त्यतिबेला सहभागिताको कुरा उठ्नु स्वभाविक नै हो ।

तर, उहाँ जातीय आधारमा सहभागिताको कुरा गर्नुभन्दा पनि विषयगत रुपमा बढी जोड दिनुपर्ने बताउनु हुन्छ । जसरी वातवरण पत्रकार समूहले वातवरणको विषयमा सचेतना जगाएर वातवरण पत्रकारितालाई प्रवर्द्धन गऱ्यो, त्यसैगरी महिला, आदिवासी जनजाति, दलित र मधेशीका सावलहरुलाई अगाडि ल्याउनका लागि पनि ती विषयहरुमा सचेतना ल्याउनु पर्नेमा उहाँ जोड दिनुहुन्छ । सम्पादकीय समूहमा ती सवै क्षेत्र/वर्गका व्यक्तिहरुको सहभागिता बढाउन जरुरी भए पनि त्यसैबाट मात्र ती विषयहरुको उठान हुन्छ भन्ने विश्वास गर्न नसकिने उहाँको तर्क छ ।

उहाँका अनुसार संचार माध्यमले समाजिक समावेशीको विषयलाई पनि समाचारको मूल्यको रुपमा हेरिनु पर्दछ । संचारमाध्यमको पूर्वीय अभ्यासहरुमा यी माध्यमले जनतालाई सचेतना जगाएर ठीक निर्णय लिन प्रेरित गर्नुपर्ने भएकोले यस्ता विषयलाई संचारमाध्यमले समाचार मूल्यको रुपमा लिनु पर्ने विचार उहाँको छ । । त्यो कार्यको जिम्मा भने पत्रकारको मात्र नहुने उहाँ बताउनु हुन्छ । नागरिक समाजका संघ/संस्था तथा अधिकारवादी संस्थाहरुले पनि प्रेसको भुमिकाको विषयमा सचेतनामुलक कार्यक्रमहर संचालन गर्नुपर्ने उहाँको सुझाब छ ।

त्यसो त संचारमाध्यमले पछाडि परेका समुदायको आवाजलाई स्वतस्फुर्त रुपमा उठाउनै हो । तर नेपाली सन्दर्भमा भने त्यस्तो अवस्था नरहेको बताउनुहुन्छ पूर्व संचारमन्त्री समेत रहनुभएका मधेशी अधिकारवादी नेता जे. पी. गुप्ता । उहाँ भन्नुहुन्छ - अन्यमुलुकमा संचारले त्यहाँका सामाजिक जातीय भाषिक र सांस्कृतिक विविधतालाई समेटिएको देखिएको छ । तर, नेपाली संचार भनेकै नेपाली भाषाको संचार हो । एक शब्दमा भन्नुपर्दा नेपालको संचार भनेको एकात्मकवादी संचार हो । उहाँको दावी छ- मुलुक कै संचार एकात्मकतावादी भएपछि त्यसले बहुजातीय, बहुभाषिक र बहुसांस्कृत दृष्टिकोणलाई आत्मसात गर्दैन । त्यसैले नेपालको संचार एकात्मवादी र नेपाली भाषी चरित्रको छ । जुन व्यक्तिहरु, जुन सामाज र जुन संस्कृति मुलतः आफुलाई 'नेपाली' ठान्दछन् र जस्को पहिचान 'नेपाली'को रुपमा गरिएको छ । उसैका धाराणा र उसैका विचार संचारमा अभिव्यक्ति भएको देखिन्छ ।

तर, नेपाली संचारमाध्यमले पछिल्ला समयमा विषयबस्तुमा केही विविधता आएको र समावेशीका केही सवालहरुका बारेमा पनि समेटेको उहाँ स्वीकार्नु हुन्छ । तर यो परिवर्तनलाई नेपाली संचारमाध्यममा आएको चरित्रको परिवर्तन मान्न भने उहाँ तयार हुनु हुन्न । त्यसमा

एकात्मवादी चरित्रमा परिवर्तन नै आएको त हैन तैपनि बीटको रुपमा जनजाति , महिला र मधेशी र दलितका पक्षलाई पनि उजागर गरेको देखिन्छ । र यो परिरवर्तन संचार माध्यमको अगुवाईमा होइन की राज्यको पुनसंरचनाको सन्दर्भमा आम समुदायबाट उनीहरुको अभिव्यक्तिमा समावेशीको मुद्धा जसरी मुखरित भएको छ । त्यसको थोरै बोध मात्र हो - उहाँ भन्नुहुन्छ ।

यो समस्यको अन्त्यका लागि राज्य संचालनको प्रमुख जिम्मेवारीमा बसेका राजनीतिक दलहरु बढी सम्वेदनशील हुनुपर्ने र उनीहरुले समावेशीको मुद्दालाई ओझेल पार्न नहुने गुप्ताको भनाई छ । अहिल नेपाली मिडियाको क्षेत्रमा मानवीय संसाधनमा ९० प्रतिशत एउटा जाती भाषा विषेशको मानिसको पकड भएको दावी गर्ने मधेशी अधिकारवादी गुप्ता १० प्रतिशत मात्रै दलित जनजाति र मधेशीको स्थान रहेको बताउनुहुन्छ । त्यसैले तत्काल यसमा समावेशीको सम्भावना नभए पनि नेपाली मिडियाले राज्यको पुनसंरचनाको पक्षमा र समावेशीको पक्षमा मात्र उभि दिए पनि त्यो नै समावेशी चहानेहरुका लागि ठूलो कल्याणको  हुने उहाँ बताउनुहुन्छ ।

पत्रकार युवराज घिमिरे र प्रतिक प्रधान भने संचारमा सम्बन्धित समुदाय कै मान्छे आउदा मात्रै उनीहरुको सवाल संचारमाध्यममा आउन सक्छ भन्ने कुरा गलत भएको तर्क राख्नुहुन्छ । घिमिरेका अनुसार संचारमा सम्बन्धित समुदाय कै मान्छे आउँदा मात्रै उनीहरुको समस्या संचारमाध्यममा आउन सक्छ भन्ने कुरा गलत हो । ती समुदायको प्रतिनिधित्व नभएपनि राष्ट्रिय महत्वका विषयहरु आइनै रहेका छन् । समस्या जहाँ छन्, संगठित आवाज जहाँ उठेको छ, त्यहाँको समाचार त सामाग्रीहरु आएका छन् नै । उहाँ प्रश्न गर्नुहुन्छ - अहिले पहाडी र उपत्यकाको मान्छेहरु संचार माध्यममा बढी छ भन्दैमा पहाडको मात्र बढी समाचार आएको छ भन्न सकिन्छ र ?

समावेशीकरण हुनु पर्नेमा सहमत देखिनु भएपनि त्यो तत्काल नभई विस्तारै हुदै जाने उहाँको तर्क छ । 'नेपाली संचार माध्यमले जति आफुलाई परिपक्ता गर्दै आएको छ । त्यति नै रुपमा सबै क्षेत्रका समाचारहरु पनि समेटि नै रहेको  छ । त्यो पहिलाका दाँजोमा सुधार हुँदै आएको छ । पछिल्लो तीन वर्षमा मिडियामा आएका बिषयबस्तुलाई विश्लेषण गऱ्यो भने त्यो बुझ्न सकिन्छ ।' सम्पादक घिमिरे  भन्नुहुन्छ ।

तर, नेपाली संचारमाध्यमहरुको आफ्नै खालको समस्याहरुले गर्दा कतिपय सवाललाई चाहेरपनि समावेश गर्न नसकिने उहाँको अनुभव छ । नेपाली मिडिया अझै पनि विकासको प्रारम्भिक चरणमै रहेको र श्रोतको सिमितताका कारण पनि विविधतामा कमि आएको उहाँ बताउनुहुन्छ ।

मिडियामा विविधताको कुरा गर्दा ती समुदायका मान्छेहरु यो पेशाप्रति कतिको आकर्षित हुन्छ भन्ने कुारमा पनि महत्व रहेको उहाँ बताउनु हुन्छ । ४/५ वर्ष अघिसम्म यो क्षेत्रमा प्राय मान्छे आउन नै चहादैनथ्यो, त्यो अवस्थामा अहिले परिवर्तन आएको भने छ -उहाँ भन्नु हुन्छ ।

युवा पत्रकार प्रतिक प्रधान संचारक्षेत्रमा जातीय, क्षेत्रीय र लैंगिकताको नारा आउन नहुने तर्क गर्नुहुन्छ । संचारले समावेशीको कुरालाई समेट्न जरुरी रहेपनि तिनै जाति, क्षेत्र र वर्गको मानिस नै समावेशी हुनुपर्दछ भन्नेमा उहाँको असहमति छ । भन्नुहुन्छ -समावेशीकरण हुनु पऱ्यो भनेर जातजातिको आधारमा जागिर दिने होइन । पहिलो कुरा त जो सक्षम छ,न् जसले

समाचार लेख्न सक्छ, उसलाई जागिर दिने हो । त्यो कुन जातिको, कुन धर्मको, कुन ठाउँको भन्ने होइन । तर, त्यो मान्छेले लेखेको समाचारमा समावेशीकरण छ कि छैन, त्यो व्यक्तिले लेखेको समाचारमा नेपालको विविधतायुक्त समाजलाई आदार गरेको छ कि छैन भन्ने कुरालाई महत्व दिनु पर्ने हो जस्तो लाग्छ मलाई ।

उहाँको विचारमा समावेशीकरणको लागि सर्वप्रथम संचारकर्मी होस् वा अरु कसैको सोचमा नै परिवर्तन आवश्यक छ । समावेशीलाई कुरामा मात्र सिमित नराखी व्यवहार मै लागु गरिनु पर्दछ भन्नु हुने पत्रकार प्रधानको विचारमा समावेशीको कुरालाई व्यवहारतः लागु गर्नका लागि सबैले सोचाई मै परिवर्तन गर्न जरुरी छ । पहाडीले मधेशीलाई हेर्ने दृष्टिकोण, नेवारले बाहुनलाई हेर्ने दृष्टिकोण, बाहुनले जनजातिलाई हेर्ने तरिका, दलितले आफुलाई हेर्ने तरिका आदि सबै खाले सोचमा नै परिवर्तन आवश्यक छ ।

प्रतिनिधित्व हुँदैमा उनीहरुको चाहना अनुसारको कार्य हुन्छ भन्ने मान्यता त्याग्नु पर्ने बताउनुहुने पत्रकार प्रधान नेपालमा अहिलेसम्मको समस्या भनेको सक्षम मान्छेलाई ल्याउने भन्दापनि नातावाद र कृपावादबाट आफ्नो मान्छेलाई मात्र ल्याउने चलन छ । हामीले सर्वप्रथम त्यो चिन्तनबाट नै मुक्त हुनु पर्दछ । त्यो सोचाईबाट मुक्त हुनुको सट्टा फेरी समावेशीकरणको नाममा जातिवाद, धर्मवाद र क्षेत्रवाद तिर लाग्यो भने थप समस्या आउन सक्छ । त्यसका लागि पत्रकारिताको संघसंस्थाहरुले पहल गर्न जरुरी छ । संचार माध्यमको नीति निर्माण तहमा पनि डाइभरसिटीका बारेमा सचेत र सजग गर्नु जरुरी छ । सबैलाई के बुझाउन जरुरी छ भने अब पनि कुनै जातिको नाममा, क्षेत्रको नाममा र धर्म, लिंग, वर्णको नाममा विहिष्करण गऱ्यो भने देशमा विभाजनको अवस्था आउन सक्छ ।

तर, पत्रकारहरु युवराज घिमिरे र प्रतिक प्रधानको तर्कसँग अन्य संचारकर्मीहरु भने सहमत हुन सक्दैनन् । संचारकर्मी शोभा गौतम भन्नुहुन्छ - महिलाहरुको विषयलाई संचारमाध्यमले उठाएको त छ । तर, त्यो लैंगिकताको हिसाबले भन्दापनि महिला समाचारको रुपमा मात्र आइरहेको छ । त्यसको कारक नेपाली संचारमाध्यम पनि पुरुष प्रधान भएर नै हो । संचारमाध्यमको सम्पादकीय संरचनामा सहभागिता नभए कै कारण दलित, महिला, मधेशी र जनजातको सवालले प्राथमिकता नपाएको हो भन्ने कुरामै उहाँ जोड दिनुहुन्छ ।
यस्तै अर्का संचारकर्मी मञ्जु थापाको विचारमा संचारमाध्यममा अहिले आइरहेको सामाग्रीहरु चित्त बुझ्दो किसिमको छैन । लैंगिकताका सवालमा अझै पनि खोजमुलक समाचारहरु आउनु सकेको छैन जस्ले समाजमा महिलाको छविमा परिवर्तन गर्न सफल होस् । हुनत पछिल्लो समयमा संचारमा महिलाको सहभागिता बढ्दो अवस्थामा रहे पनि महिलाको सवाललाई संचारमाध्यमले कसरी प्रस्तुती गर्ने भन्ने बारेमा संचारमाध्यहरुमा कुनै निश्चित निर्देशिकाहरु नभएका कारण पनि समस्या उत्पन्न हुने गरेको उहाँ बताउनुहुन्छ । संचारमा महिलाको सहभागिता बढाउनका लागि जसरी अहिले राज्यको हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता गर्ने निर्णय भएको छ । त्यसलाई संचारमाध्यममा पनि लागु गर्न सक्नु पर्ने पत्रकार थापा बताउनु हुन्छ ।
समावेशीको सवालमा राज्यको स्वामित्वमा संचालित संचारमाध्यमप्रति आक्रमक देखिनु हुन्छ विनोद पहाडी । भन्नुहुन्छ - राज्यद्धारा संचालित संचारमाध्यमहरुमा दलितहरुको अपनत्व र स्वमित्व भन्ने कुरा छैन । सरकारी संचारमाध्यमहरुमा दलितहरुको उपस्थिति शुन्य नै छ ।

राज्यबाट संचलान गरिने संचारमाध्यमहरुमा दलित, आदिवासी, मधेशी आदिलाई समानुपातिक सहभागिता सुनिश्चतता गरिनु पर्ने विचार राख्ने पत्रकार पहाडी लोकतान्त्रिक सरकारको कार्यकालमा समेत त्यस्तो नदेखिनु दुर्भाग्यपूर्ण भएको टिप्पणी गर्नुहुन्छ । पत्रकारसम्बद्ध संस्थाहरु नेपाल पत्रकार महासंघ, प्रेस युनियन, प्रेस चौतारी लगायतले सरकार र संचारसंस्थाहरुलाई बन्दनमा पार्न सक्ने किसिमको दवाव दिनु पर्ने उहाँको भनाई छ ।

नेपाल पत्रकार महासंघका सभापति विष्णु निश्ठुरी संचारमाध्यममा समावेशी अवधारणा आवश्यक रहेको देख्नु त हुन्छ तर, तत्कालै वा जवर्जस्ती भने सम्भव नभएको बताउनुहुन्छ । 'संचारमा समावेशीकरण भनेको तत्काल र जवरजस्ती हुने कुरा हैन, पहिला त उनीहरुलाई अवसरको सिर्जना गरिनु पर्दछ । पिछडिएका समुदायबाट मिडियामा आउन चाहेका व्यक्तिहरुलाई शिक्षा, सीप र दक्षताको तालिमको जरुरी पर्दछ । अर्को महत्वपूर्ण कुरा ती समुदायका मुद्दाहरुलाई उठाउनका लागि त्यही समुदायकै मान्छेहरु आउनु पर्दछ भन्ने होइन । त्यो उपयुक्त पनि होइन । अरु समुदायका मान्छेले पनि त्यस्ता सवालहरुलाई उठाएका छन्, हामीले पढिरहेका पनि छौं । तर पत्रकारितामा पछिडिएका वर्ग/क्षेत्रका व्यक्तिलाई पनि समावेशी बनाइनु पर्छ भन्ने कुरा पनि बराबार महत्वको कुरा हुन ।' उहाँ भन्नुहुन्छ ।
संचारमाध्यममा विषय वस्तुमा विविधता आउनका लागि सम्बन्धित समुदाय लगायत सबै पत्रकारहरु सचेत हुनुपर्ने सभापति निष्ठुरीको सुझाव छ । विशेष गरी 'न्युज डेक्स'मा बस्ने मान्छे, समाचारको गेटमा बस्ने मान्छेहरुलाई मुलुकको परिवर्तित सन्दर्भमा समावेशीका कुराहरुलाई कुन रुपमा महत्व दिने भन्ने बारेमा अन्तर्क्रिया गर्नु जरुरी छ । यसबाट उनीहरुको सोच बदल्न सक्छ - उहाँ भन्नुहुन्छ । नेपाल पत्रकार महासंघले महासंघको संरचनामा नै समावेशी बनाउने उद्देश्यले विधानमा नै परिवर्तन गरी तल्लो तहसम्मको संरचनामा समावेशीकरण हुने गरी संशोधनको तयारी भइरहेको जानकारी पनि उहाँले दिनुभयो ।

सकेसम्म त मिडियामा समावेशी चरित्रका मान्छेहरु संलग्न होस् भन्नु राम्रो कुरा हो । त्यसो हुन नसके पनि समावेशीका मुद्दाहरु त्यही समुदायका मान्छेहरुले मात्र प्रकट गर्नुपर्छ भन्ने छैन । यो मुद्दालाई जसले पनि उठाउनु पर्दछ भन्नुहुन्छ - उच्चस्तिरिय मिडिया सुझाब आयोगका अध्यक्ष रहीसक्नु भएका राधेश्याम अधिकारी । यस्ता परिवर्तनका मामलामा सरकार जहिले पनि पछि नै रहने भएकोले नागरिक समाजका प्रतिनिधिमुलक संस्थाहरु, स्वतन्त्रपूर्ण दृश्टिकोण राख्ने व्यक्तिहरु, यो सवालका अगुवाहरुले नै बाटो देखाउनु पर्ने आवश्यकता रहेको अधिकारी बताउनु हुन्छ ।

संचारमाध्यमले आफ्नो सामाजिक उत्तरदायित्वको सम्झेर बहष्किरणमा परेका समुदायको सवाललाई संप्रेशन गर्न सकेत पत्रकार प्रतिक प्रधानले भन्नुभए जस्तो पत्रकारितामा जातिवाद र क्षेत्रबादको कुरा नउठ्ने नै थियो । अन्यतिरको पत्रकारिताको अभ्यासमा पनि कुनै पनि समुदायको समस्याको उजागर गर्न त्यही समुदायका व्यक्तिहरुको सहभागिता भइरहनु पर्ने जरुरी देखिदैन । तर, हाम्रो मुलुकको सन्दर्भ अलि बेग्लै खालका निश्चित पनि छ । विविधतामुलक सामाजिक संरचना भएको मुलुकमा झण्डै अढाई सय वर्षसम्मा एक जाति, एक भाषा र एक संस्कृतिको अभ्यासहरु भइरहेको छ । त्यो लामो कालखण्डको अभ्यासलाई तत्काल अन्त्य गर्न सक्छ होला भन्ने अनुमान लगाउन निकै कठिन पनि छ । त्यसैले यसका लागि तत्कालिन र दीर्घकालिन नीतिहरु अवलम्बन गर्नू जरुरी रहेको संचारविद्हरु बताउछन् ।

उनीहरुको विचारमा तत्कालका लागि सबै जाति , क्षेत्र र वर्ग र लिङ्गलाई न्युजरुममा समावेशी बनाउन जरुरी त छ नै उनीहरुको सवाल बारेमा सम्पूर्ण सञ्चारकर्मीलाई पनि उत्तिकै जानकार बनाएर उजागर गर्नका लागि प्रयास गरिनु पर्दछ । यसका लागि समावेशी संचारका अभियानकर्ताहरु ती समुदायलाई पनि मुलधारका संचारमाध्यममा अवसर प्रदान गरिनुपर्ने, सीत तथा दक्षता विकास गर्ने अवसर दिनुपर्ने र सकारात्मक विभेदको आधारमा अवसरहरु प्रदान गर्नुपर्ने तर्क अघि सार्छन ।

## निश्कर्ष तथा सुझाब

सर्वेक्षणमा समावेश भएका संचार माध्यमहरुको स्वामित्व संरचना र समपादकीय समूह संरचनाको विश्लेषण गर्दा यी दुवै क्षेत्रमा मुलुकको राज्यसत्तामा हाली मुहाली गरिरहेका वर्गकै वर्चश्व कायम रहेको देखिएको छ । संचारमाध्यमको स्वामित्वको तहमा आदिवासी जनजाति, महिला, मधेशी र दलितको सहभागिता अत्यन्त न्यून रहेको छ । सर्वेक्षणबाट देखिएको तथ्य र यसबारेमा धारणा बुझेको व्यक्तित्वहरुको भनाईलाई अध्ययन गर्दा निम्न सुधारका प्रयास गरेमा संचारमाध्यममा समावेशीय स्वरुपको बनाउन सकिन्छ ।

### १. संचारमाध्यमको स्वामित्व संरचना

*क. नीजि क्षेत्रका संचारमाध्यम :*

नीजि संचार माध्यमहरुको स्वामित्व लगानीको परिप्रक्षबाट हेर्दा संचार संस्थालाई प्रत्यक्षरुपमा समावेशीय बनाउन नसकिने संचार विज्ञहरुले बताएका छन् । लगानी र स्वामित्वको कुरा रहेकाले त्यो केही हदसम्म यथार्त नै होला । तर, संचारमाध्यमलाई समावेशीय संरचनाको स्वरुपमा लानका लागि मालिकहरु कै भुमिका र निर्णय प्रमुख हुने र संचार संस्थाका नीति निर्माण तहमा उनीहरु कै नेतृत्व हुने हुनाले समावेशीय अवधारणालाई प्रवर्द्धन गर्नका लागि स्वामित्व ओगटेका व्यक्तिहरु समावेशीको अबधारणा विकास हुन जरुरी देखिएको छ । संचार माध्यम भनेको फगत व्यापरमात्र होइन । पहिलो कुरा जनताको आवज बोक्न सक्नु पर्दछ । मुलुकमा रहेका सबै जातजाति, भाषाभाषी, वर्ग, क्षेत्र र लैंगिकताको आवाज बोक्न सकेमा त्यस्तो संचारमाध्यममा ती समुदायले पनि आफ्नो स्वामित्वको अनुभुति गर्न सकिन्छ । संचारमाध्यममा लागानीका हिसाबले जसको भएपनि संचालक समिति मार्फत संचारमाध्यमको संचालन गर्ने परिपाटी भएमा निजी क्षेत्रका संचारमाध्यममा पनि समावेशीय संरचनाको बनाउन नसकिने हुँदैन । संचालक समितिमा राष्ट्रिय जीवनमा ख्याती कमाएका ती समुदायका व्यक्तित्वहरुको सहभागि गराउन सकेमा समावेशीय संरचनामा जान सकिन्छ ।

यसैगरी सरकारले पिछडिएका समुदायबाट संचारमा लगानीका लागि अगाडि आउने संस्था वा व्यक्तिलाई उनीहरुको व्यवसायिक प्रवर्द्धनका लागि राज्यले निश्चित सुविधाहरु उपलब्ध गर्नु पर्ने देखिन्छ । यसो हुन सके ती समुदायका व्यक्तिहरु पनि संचारमा लगानीका लागि आकर्षित हुनेछ । संचार विद्हरुका अनुसार संचारमाध्यममा लागानि गर्दा तत्कालका मुनाफा हासिल गर्न नसक्ने भएकाले धेरै जसो व्यक्तिहरु यसमा लगानी गर्न आकर्षित नभएका

हुन् । राज्यबाट नै त्यसता समुदायबाट स्थापित गरिएका संचार संस्थालाई सहुलियत प्रदान गर्नु तात्कालिक आवश्यकता देखिन्छ ।

**ख. सरकारी संचार माध्यम :**

सरकारी संचारमाध्यमको संचालक समितिमा सरकारी निर्णयको आधारमा नियुक्ति गर्ने भएकोले सरकारले सबै समुदायको प्रतिनिधित्व हुने गरी संचालक समिति गठन गरिनु अपरिहार्य देखिएको छ । अफ्न बद्लिदो परिवेशमा सबै क्षेत्रमा समावेशीकरणको सवाल उठिरहेकाले संचारमाध्यममा पनि समावेशीकरणको प्रत्याभूति गर्नका लागि सरकारले तत्काल नीति बनाउन आबश्यक छ । तर, यो कार्य स्वतन्त्र संचार विरोधी राजाको शासनको अन्त्य भएको लामो समय वितीसक्दा समेत कुनै अनुभूति हुन सकिरहेको छैन । तथ्याङ्कमा देखिएका एकात्मक संरचना वर्तमान लोकतान्त्रिक सरकारका पालामा बनेको संरचना नै हो भन्नु पर्दा हिच्किचाउनु पर्ने अवस्था छ । तर, सबै भन्दा महत्वपूर्ण कुरा र हाल बहसमा पनि चरिहेको कुरा के हो भने सरकारी स्वामित्वमा संचालन भइरहेका हालका सबै संचार माध्यमहरुलाई तत्काल नीजिकरण गरी स्वामित्वमा सबै समुदायको शेयर रहने गरी संरचना निर्माण गरिनु पर्दछ । यो नै हाल संचालनमा रहेका सरकारी स्वामित्वका संचारमाध्यमहरुलाई समावेशीय स्वरुपमा लाने उत्तम विकल्प हो ।

**ग. संचारमाध्यम संचालनहरुलाई समावेशीको सवाल**

आफ्नो संचारमाध्यमलाई कस्तो संरचनामा विकास गर्ने भन्ने कुराको मुख्य निर्णय गर्ने निकाय संचालकहरु नै हुन् । त्यसैले उनीहरुलाई संचारमाध्यममा समोशीकरण बनाउनका लागि नेपाली सामाजिक बनौटको बारेमा सचेत गराउनु पर्दछ । पहिलो त संचारमाध्यमको सम्पादकीय समूहमा कसरी समावेशीय बनाउने भन्ने बारेमा राज्यले एउटा स्पष्ट नीति तय गरिनुपर्छ । त्यो नीतिलाई लागु गर्नका लागि संचालकहरुलाई जवर्जस्ति समावेशीय बनाउनु पर्छ भन्दा पनि संचालकहरु स्वयंलाई समावेशीको बारेमा जानकार गराई समावेशीको अवधारणा उनीहरुबाट नै विकसित गराउनु जरुरी छ ।

**२. सम्पादकीय समूहको समावेशीय संरचना**

*क. आदिवासी जनजाति, महिला, दलित, मधेशी समुदायको पत्रकारितामा सहभागिता बढाउनु पर्ने :*

हुन त संचारमाध्यममा जनसरोकारका विषयहरुको उठान गर्नका लागि जुन समुदायको समस्या हो त्यही समुदायका संचारकर्मीले उठाउनु पर्दछ भन्ने होइन । पत्रकारिताको विश्वव्यापी अभ्यासहरुमा त्यसतो कही कतै पाइदैन । जुन सुकै समुदायको पत्रकार भए पनि सामाजिक समस्या र राष्ट्रिय जीवनमा महत्व राख्ने सवालहरुलाई उठाउनु नै पर्ने हो । तर, नेपालको सन्दर्भमा त्यो व्यवहारतः देखिदैन । नेपाली मानसिकता लामो समयसम्म कस्तो रह्यो भने विभिन्न जात जातिको कुरा उठाउनु, क्षेत्रीयताको सवाललाई प्राथमिकता दिनु, दलितको सवाललई उठाउनु भनेको बिखण्डन र जातीय द्वेष फैलाउनु हो, भन्ने मानसिकता कायम रहेको थियो । राज्य तहबाट नै त्यही धारणालाई प्रवर्द्धन गरेका कारण त्यो अवधारणा नेपालको संचारमाध्यममा पनि प्रतिविम्वित नहुने कुरै भएन । सञ्चारसँग सम्बन्धित हरेक नियम कानूनहरुको अध्ययन गर्ने हो भने त्यो स्पष्ट हुन्छ ।

'संचार माध्यमहरुले विभिन्न जातजाति, धर्म र समुदायमा द्वेष फैलिन सक्ने कुनै पनि सामाग्रीहरु प्रकाशन प्रशारण गर्न पाइदैन' भन्ने बुँदाहरु हरेक कानूनहरुमा भेटिन्छन् । कुनै पनि जात/जातिको बारेमा के के कुरा लेख्न हुने र के कुरा लेख्न नहुने भन्ने स्पष्ट नभएको कारण पत्रकारहरुमा त्यो विषयमा लेख्दै नलेख्ने प्रवृत्ति शुरु शुरुमा पाइन्थ्यो । यो अवधारणा लामो समयदेखि रहदै आएकोले जनजाति, मधेश, दलित आदिको बारेमा सामाग्रीहरु संप्रेषणमा नै कमी आएको हो । र नेपाली पत्रकारहरुमा त्यो व्यवहार र मानसिकतामा तत्काल परिवर्तन होला भन्ने प्रत्याभूति पनि नभएको हुनाले ती समुदायको समस्या र सवालहरुबारेमा कलम चलाउन तिनै समुदायका व्यक्तिहरुको सहभागिता अपरिहार्य ठानिएको हो । अर्को कुरा नेपाल जस्तो विविधतायुक्त मुलुकमा एउटा समुदाय र परिवेशमा प्रशिक्षित भएका व्यक्तिले अर्को समुदायको बारेमा कलम चलाउन कठीन छ । नेपाली पत्रकारिताको पाठ्क्रममा नेपाली विविधताको बारेमा शिक्षा दिने खालका कुनै सामग्रीहरु उल्लेख छैन । त्यसो भएकोले अधिकांश संचारकर्मीहरु नेपालको विविधता बारे अनविज्ञ नै छन् । त्यसका लागि पनि तीनै समुदायको संचारकर्मीको सहभागिता आवश्यक छ ।

### ख. न्युजरुम डाइभरसिटी र मिडिया बहुलबादको अवधारणाको विकास आवश्यक

संचारको विकासको हिसाबले नेपालभन्दा धेरै अघिरहेका मुलुकहरुमा पनि कुनै पनि देशको विविधता बारे संचार माध्यममा प्रतिविम्वित हुनै पर्ने अवधारणा विकास भएको पाइन्छ । अझ नेपाल जस्तो विविधतालाई नै राष्ट्रको चिनारीका रुपमा देखाउन चाहने मुलुकका लागि बहुलबादी अवधारणा अत्यन्त महत्वपूर्ण प्रसंग हो । त्यसैले नेपाली संचार माध्यमलाई बहुलबादी बनाउन र समाचारकक्षलाई विविधतायुक्त बनाउन जरुरी छ । यसका लागि सरकारी नीतिका साथै संचारसम्कबद्ध संस्थाहरुले पहल गर्नु आवश्यक छ । यस्का लागि निम्न बुँदाहरुमा ध्यान जान जरुरी छ ।

१. संचार माध्यामले संचारकर्मी नियुक्ति गर्दा जनसंख्याको आधरामा समानुपातिक रुपमा सबै समुदायको तर्फबाट नियुक्त गर्नुपर्ने ।

२. सरकारले संचारमा समोशीकरणका बारेमा स्पष्ट नीति तत्काल ल्याउनु पर्ने ।

३. संचारमाध्यमका सम्पादक, समाचार सम्पादनमा सक्रिय व्यक्तिहरु, र संचारकर्मीहरुलाई नेपाली समाजको बहुलबादी संरचनाको बारेमा प्रशिक्षित गर्नुपर्ने ।

४. पत्रकारिताको पाठ्क्रममा विविधतायुक्त सामाजिक संरचनाको सवाल र त्यसमा पत्रकारहरुले ध्यान दिनुपर्ने कुराहरु बारे यथेष्ट जानकारी दिनुपर्ने ।

### ग. पिछडिएका समुदायलाई पत्रकारिता

केही वर्ष अघिसम्म पनि नेपालमा पत्रकारिता पेशाले जीवन धान्न सकिन्न भन्ने अवधारणा विद्यामान रहेको थियो । फलस्वरुपमा आर्थिक विपन्नमा गुज्रिएका समुदायका युवा पिँढीका लागि पत्रकारितामा आफ्नो 'क्यारियर' बनाउने कुरा कल्पनामा मात्रै सिमित थियो । परिणाम ती समुदायका व्यक्तिहरुको आगमन पत्रकारिताको क्षेत्रमा हुन सकेन । त्यसैले पिछिएका समुदायका शिक्षित युवापिँढीलाई आवश्यक तालिमको व्यवस्था गरी पत्रकारिता क्षेत्रमा आकर्षित गर्नु पर्दछ ।

**घ. संचारमाध्यमले नियुक्त गर्ने संख्याको निश्चित प्रतिशत ।**

सरकारी स्वामित्वमा सञ्चालित संचार माध्यम लगायत निजि क्षेत्रको सञ्चारमाध्यमले समेत आफ्नो संस्थामा नियुक्त गरिने पत्रकारहरुको निश्चित प्रतिशत पिछडिएका समुदायबाट आएका सक्षम सञ्चारकर्मीहरुका लागि छुट्‍ट्याइनु पर्ने अनिवार्य व्यवस्था गरिनु पर्दछ ।

**ङ. मातृभाषी पत्रकारिताको प्रवर्द्धन**

नेपालमा विभिन्न जात जातिका विविध भाषा भाषी रहेका छन् । कतिपय भाषाहरुमा पत्रकारिताको अभ्यास समेत भइरहेको छ । तर, मातृभाषाका पत्रकारिताको विकासका लागि नेपालमा कुनै व्यवस्था छैन । ठूला संचार गृहहरुले क्षेत्रीय रुपमा मातृभाषामा अंकहरु प्रकाशन गर्न सक्नु पर्दछ । भने त्यस्ता संचार गृहहरुका लागि सरकारले विशेष सहुलियतहरु प्रदान गरिनु पर्दछ । यसैगरी मातृभाषामा प्रकाशन प्रशारण गरिरहेका संचार संस्थाहरुलाई राज्यले आवश्यक सुविधा प्रदान गरिनु पर्दछ ।

**सन्दर्भग्रन्थहरु :**


१. कम्युनिकेशन थेउरिज- डेनिस माक्युयल

२.अनबायस इडिटिङ इन अ डाइभर्स सोसाइटी-एलिजावेथ वीसनर

३.मेकिङ सेन्स अफ मेडिया-जर्ज रोडम्यान

४.समावेशी लोकतन्त्र-फ्रिडम फोरम

५.समावेशी लोकतन्त्रका आधारहरु-सम्पादन मोहन मैनाली

६.मिडिया इन सोसाइटी-नेपाल प्रेस इन्स्टिच्युट

७.बहुलवादी नेपाली समाजमा आमसंचार- त्रि.वि.वि पत्रकारिता विभाग,फ्रेडरिक इवर्ट स्टिफटुङ्ग

८. जर्नालिजम एशिया, मे-३ २००५

९. मिडियामा बहुलवाद- कार्यपत्र, तारानाथ दाहाल

१०. मिडिया प्लुरालिजम -ह्वाट सुड बि द युरोयियन युनियनस् रोल-कार्यपत्र

११. नेपाली मिडियामा दलित र जनजाति -मार्टिन चौतारी

१२. अमेरिकन सोसाइटी अफ न्युजपेपर इडिटर्स (ASNE) को न्युजरुप डाइभरसिटी अवधारणा-२०००

१३. 'अ डेमोक्रेटिक एण्ड ल्पुरालिस्टिक मिडिया कल्चर एण्ड सोसियल एण्ड प्रोफेसनल राइट फर मिडिया एण्ड जरनालिजम इन श्रीलंका' राष्ट्रिय सम्मेलन घोषणापत्र-२००५


**अध्ययनका लागि छनौट गरिएका संचार संस्थाहरु**

१. कान्तिपुर दैनिक (कान्तिपुर पब्लिकेशन)
२. समाचारपत्र दैनिक (कामना प्रकाशन समूह)
३. काठमाडु पोष्ट (कान्तिपुर पब्लिकेशन)
४. राजधानी दैनिक (उत्सर्ग प्रकाशन)
५. गोरखापत्र दैनिक (गोरखापत्र संस्थान)
६. नेपाल टेलिभिजन
७. राष्ट्रियसमाचार समिति
८. कान्तिपुर टेलिभिजन
९. इमेज च्यानल
१०. रेडियो नेपाल
११. कान्तिपुर एफएम
१२. एचबीसी एफएम
१३. नेपाल एफएम
१४. मेट्रो एफएम
१५. समय साप्ताहिक
१६. हिमाल पाक्षिक

**अनुसन्धानका क्रममा कुराकानी गरेका व्यक्तित्वहरु :**

१. विष्णु निष्ठुरी, सभापति नेपाल पत्रकार महासंघ
२. लालदेउसा राई, त्रि. वि.रत्नराज्य लक्ष्मी क्याम्पस, आमसंचार विभाग
३. राधेश्याम अधिकारी, अध्यक्ष, उच्चस्तरीय मिडिया सुझाब आयोग
४. युवराज घिमिरे, सम्पादक समय साप्तहिक
५. जे पी गूप्ता, पूर्व संचारमन्त्री एवं मधेशी अधिकारवादी नेता
६. मिठाराम दुखि विश्वकर्मा, रासस, अध्यक्ष
७. प्रतिक प्रधान, सम्पादक द काठमाण्डु पोष्ट
८. धर्मेन्द्र झा, अन्नपूर्ण पोष्ट दैनिक
९. शोभा गौतम, संचारकर्मी तथा महिला अधिाकारकर्मी
१०. विनोद पहाडी, संचारकर्मी
११. मन्जु थापा, संचारकर्मी
१२. विजय कसजु, संचारविद्

अनुसूचिहरु

अनुसूची-१

## लोकतान्त्रीकरण र समावेशी सञ्चार

**- मोहनसिंह लामा**

जनआन्दोलन-२ को सफलतासंगै नेपाल यतिबेला समावेशी लोकतन्त्रलाई व्यवहारतः रुपान्तरणको प्रक्रियामा जुटेको छ । नेपाली जनताको बलिदानीपूर्ण सहभागितामा सफल भएको यो आन्दोलनको जनादेश पनि एकाङ्गी स्वरुपको राज्यप्रणाली अन्त्य गर्दै समावेशीय चरित्रको लोकतन्त्रको प्रत्याभूति गर्ने हो, जुन कार्य नेपाली भूमिमा विभिन्न कालचक्रमा भएका राजनीतिक परिवर्तनहरुबाट सम्भव भएन ।

मुलुकको शासनपद्धतिको यो परिवर्तनको संघारमा संचार माध्यमको भुमिका अहं रहने कुरामा दुई मत छैन । संचारलाई परिवर्तनको बहाक कै रुपमा स्वीकारिएको हुन्छ । सार्वभौम नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र सूचनाको हकको उपभोगका लागि संचार माध्यम कै भुमिका अग्रनी रहन्छ । जुन भुमिका लोकतन्त्रको विकासमा आधार स्तम्भ नै हो । जसरी लोकतन्त्रको विकास गर्न संचार माध्यमको भूमिका अहं रहन्छ, त्यसरी नै लोकतान्त्रिकरणको प्रबर्द्धनको लागि पनि संचार जगतको भुमिका कम आँक्न सकिन्न ।

अहिले जसरी मुलुकमा समावेशी लोकतान्त्रित शासनपद्धतिको विकासको बहसले व्यापकता पाइरहेको छ, यसलाई टुङ्गोमा पुऱ्याउन संचार माध्यमको महत्वपूर्ण रहन्छ । यस मामलामा संचार माध्यमले जिम्मेवारी भएर भुमिका निभाउन सकेन भने फेरी पनि नेपाली समाज यथास्थितिबाट माथि उठ्न सक्दैन । साँचो अर्थको लोकतान्त्रिकरणका लागि स्वतन्त्रता मात्र पर्याप्त छैन । स्वतन्त्रतासंगै निर्णायक तहमा समानुपातिक सहभागिता भएन भने त्यो अधिनायकत्व कै अवषेश बन्न पुग्दछ ।

नेपाली संचार माध्यमले समावेशी लोकतन्त्रको वकालतको प्रसंग कोट्याउदा संचारमाध्यम कै समावेशी संरचनाको बारेमा पनि बहस गर्नु यतिबेला अप्रसांगिक नठहर्ला । सधैं निरंकुशताको विपक्षमा उभिने र नागरिकको सूचनाको हकको प्रत्याभुति गर्ने कार्यका लागि नेपाली संचार माध्यमको समाजले खुलेरै प्रशंसा गरे पनि संचार माध्यमले खास वर्ग, जाति, भाषा र संस्कृतिको मात्र पक्ष-पोषण गरिरहको छ भन्ने आलोचना संधै खेप्दै आइरहेको छ ।

नेपाली पत्रकारिताले मुलुकको बहुलबादी सामाजिक बनोट अनुसारको समावेशी र आमजनताको भावनासँग अझै एकाकार हुन सकेको छैन । हुन त, प्रेसले समाजका बोल्न नसक्नेहरुको बोली र राज्यबाट सधैं बहिष्करणमा पर्दै आएकाहरुको भावना बोक्नु पर्ने हो । पत्रकारितालाई 'आवाजविहीनहरुको आवाज' भन्नुको अर्थ पनि यही नै हो । तर, नेपाली पत्रकारिताको प्रसंगमा भने पत्रकारिताको त्यो आधारभूत अवधारणालाई पूर्णरुपमा अंगिकार गरेको देखिएको छैन । संचारमाध्यमले समाजमा पिछडिएका समुदायको आवाजलाई संप्रेसन गर्न त्यही समुदायको व्यक्तिको प्रतिनिधित्व हुनु पर्दछ भन्ने हुदैन । आधुनिक समाजको निर्माणमा असर पुऱ्याउने त्यसप्रकारका सवालहरुलाई विषयबस्तु बनाउनु पत्रकारिताको धर्म पनि हो । तर, त्यो अवधारणा आदर्शमा मात्र सिमित बनेको छ । नेपाली सञ्चारका सञ्चारकहरुमा समाजको बहुलवादी संरचनाको बोध हुन नसक्नु त्यसको प्रमुख समस्या हो ।

राज्य संरचनाकै ढाँचा अनुसार एकलवादी सोच नेपाली संचारमा पनि कायम रहेकाले बहुलवादी समाजको बोध संचारकहरुले तत्काल गरिहाल्छ भन्न कठीन छ । त्यसैले समावेशी सवालका अगुवाहरु नेपाली संचारको संरचनामा नै समावेशी बनाइनु पर्छ भन्ने धारणा अगाडि

राख्दछन्  । राज्यको बहुलवादी सामाजिक संरचना अनुसार संचार क्षेत्रलाई पनि बहुलवादी संरचनामा लैजान जरुरी रहेको उनीहरु औंल्याउछन् । पत्रकारितामा आदिवासी जनजाति, महिला, दलित र मधेशीको सहभागिता अत्यन्त न्यून छ । अझैपनि ती बहुसंख्यक जनताले नेपाली पत्रकारितामा स्वामित्व बोध गर्न सकेका छैनन् । पत्रकारितालाई निजी सम्पति वा व्यपार मात्र होइन, सामाजिक दायित्व र जिम्मेवारीको क्षेत्रको रुपमा अझै आमजनताले अनुभुति गर्न सकेको छैनन् ।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसंचार विभागसंग लामो समयदेखि आवद्ध रहदै आउनु भएका लालदेउसा राई भन्नु हुन्छ-' नेपाली संचार माध्यम समाज केन्द्रित छ । जसले गर्दा नेपाली सामाजिक परिपाटी जुन खालको छ, त्यही प्रवृत्ति संचार माध्यममा पनि झल्किनु अस्वभाविक हैन । नेपाली राज्यपद्धति एकात्मक किसिमको भएकोले त्यही कुरा संचार माध्यममा पनि प्रतिबिम्वित भएको हो । संचार माध्यमलाई बहुलवादी बनाउनका लागि राज्यले त्यस किसिमको नीति तत्काल ल्याउन जरुरी छ ।'

अहिले राज्यको पुनर्संरचना र हरेक तहमा समानुपातिक प्रतिनिधित्वको कुरा उठिरहेको छ । सञ्चार क्षेत्रमा पनि त्यस्तै आमचाहना मुखरित भइरहेको छ । एकाधिकारवादलाई अन्त्य गर्नका लागि नीति निर्माण तहलाई समावेशी बनाइनुपर्छ । सबै जाति, लिङ्ग, भाषा, क्षेत्रको समानुपातिक प्रतिनिधित्वको खाँचो छ । पत्रकारितामा सबै प्रकारका सामाजिक, साँस्कृतिक पृष्ठभूमिबाट आएकाहरुको अलग क्षमताको समेत पहिचान दिनुपर्छ । तर, यो वास्तविकताको नेपाली संचारजगतमा अनुभुति हुन सकिरहेको छैन ।

पूर्व संचारमन्त्री एवं मधेशी अधिकारवादी नेता जयप्रकाश गुप्ताको विचारमा नेपाली संचार एकात्मकवादी भएकाले स्वभावतः त्यसले बहुजातीय, बहुभाषिक र बहुसांस्कृत दृष्टिकोणलाई आत्मसात गर्दैन । पछिल्लो समयमा समावेशीका सवालहरुलाई थोरै भएपनि स्थान दिएको छ, त्यो सकारात्मक हो तर, यसलाई समावेशी चरित्र भन्न नसकिने जिकिर उहाँको छ ।

संचारमा समावेशीको प्रसंग फगत लोकप्रिय शब्दावलीको रुपमा मात्र आएको हैन । पत्रकारिताको हरेक कक्षाकोठाहरुमा 'पत्रकारिता भनेको समाजको पहरेदार (वाच डक) र आवाज बिहीनहरुको आवाज हो' भनेर अध्ययन गरे पनि समाचारकक्षहरुमा ती आदर्शमा मात्र सिमित भएकाले यतिबेला संचारमा बहुलवादले बहसको रुप लिएको हो ।

नेपाली संचार माध्यमले अझैपनि महिलाको मुद्दाहरुलाई लैंगिकताको आधारमा उजागर गर्न नसकेको ठान्नु हुने संचारकर्मी शोभा गौतम भन्नुहुन्छ- नेपाली संचार माध्यममा महिलाको सहभागिता अत्यन्त न्यून छ, मिडिया पुरुषप्रधान नै छ ।' दलित सहभागिता त शुन्य नै देख्नुहुन्छ पत्रकार विनोद पहाडी ।

बहुलवादी संचारको सवाल नेपाली परिवेशमा मात्रा नौलो जस्तो देखिएको हो । युरोपेली मुलुकहरुले बिसौं सताब्दीको अन्यसम्ममा आइपुग्दा बहुलवादी संचारलाई सञ्चारको आचारसंहिता कै रुपमा अंगिकार गरिसेका छन् भने पश्चिमा मुलुक अमेरिकामा समेत संचारमाध्यमहरुले आफ्नो संरचनालाई समावेशी बनाउनु पर्ने सवालले प्राथमिकता पाइसकेको छ । अमेरिकामा व्यवसायिक पत्रकार कै संस्थाहरुले देशको कुल जनसंख्याको २८ प्रतिशत हिस्ता ओगटेका अल्पसंख्याक समुदायलाई पत्रकारितामा समानुपातिक प्रतिनिधित्व गराउन अभियान नै शुरु गरेका छन् । उक्त अभियानले सकारात्मक परिणाम हासिल गरीरहेको अमेरिकन सोसाइटी फर न्यजपेपर एडिटर्स (एएसएनई) को दावी छ । उक्त संस्थाको 'न्युजरुम

डाइभरसिटी मिसन' अवधारणाको एक बुँदामा भनिएको छ- लोकतन्त्रमा सबै समुदायको भुमिकालाई मजबुत बनाउन समाचारकक्षहरुमा जातीय विविधता प्रतिविम्बित हुनै पर्दछ ।'

एसियाका कतिपय मुलुकहरुमा यो सवाल व्यवहारतः कार्यन्वयन भएको छ भने कतिपयमा यो अवधारणामा जोड दिदै संचारमाध्यममा बहुलबादी स्वरुप प्रदान गर्ने प्रयासहरु भइरहेका छन् । दुई वर्षअघि श्रीलंकमा  अन्तरष्ट्रिय पत्रकार महासंघ(आइएफजे) समेतको सहयोगमा पत्रकारिता सम्वद्ध संस्थाहरुको सहभागीतामा भएको सम्मेलनले 'श्रीलंकाको पत्रकारिताको लागि लोकतान्त्रिक तथा बहुलबादी मिडिया संस्कृति' बारे घोषणा पत्र जारी गर्दै पत्रकारितामा बहुलबादी संस्कृतिको प्रबर्द्धनको प्रयास थालेको थियो ।

संचारमाध्यममा विविधता झल्किन नसकेकै कारण विविध विषेशता बोकेका समुदायहरुले संचारमाध्यमलाई 'मेरो' भन्न सकिरहेका छैनन् । हुनत, नेपाली संचारमाध्यमको कुरा गर्दा यसले व्यवसायिक स्वरुप हासिल गरेको छोटो समयमात्र भएकोले तत्कालै समावेशी र बहुलताको अपेक्षा गर्नु हतारिएको हुने अभिव्यक्ति पनि उठ्ने गर्दछ । तर, नेपालको सामाजिक बनौट अन्य मुलुकहरुको भन्दा थप विविधतायुक्त भएकाले नेपाली संदर्भमा यो सवालको अझ महत्व छ भन्ने तथ्य बिर्सनु हुन्न । यतिबेला हामी राज्यको नयाँ संरचनाको तस्बीर कोरीरहेकाले संचारमाध्यमको पनि नयाँ संरचना निर्माणको प्रक्रिया थाल्न ढिलाई गरिनु हुँदैन ।

अनुसूचि-२

## सरकारी संचारमाध्यम र समावेशी संरचना

**-मोहनसिंह लामा**

सुदुर नेपालको सीमान्त शहर महेन्द्रनगरमा हालै सम्पन्न नेपाल पत्रकार महासंघको केन्द्रीय साधारणसभा पत्रकारितामा समावेशी सवाललाई लिएर निकै चर्चित रह्यो । महासंघको संरचनालाई समावेशी बनाउने उद्देश्यले संशोधित विधान भेलामा प्रस्तुत गरिएपछि समावेशीको बारेमा धेरैले मत प्रकट गरे । बोल्ने मध्येका कतिपयले समावेशी संरचनालाई सान्दर्भिक रहेको बताए । कतिपयले भने महासंघको हरेक सांगठनिक संरचनामा समावेशी बनाउन नसकिने जिकिर गरे । तर्क थियो, 'महिला, दलित, मधेशी र आदिवासी जनजातिलाई सांगठनिक संरचनामा अनिवार्य सहभागी गराउन उम्मेद्वार नै पाइदैन ।' तर, उनीहरुले ती समुदाय र वर्गलाई पत्रकारिता क्षेत्रमा आकर्षित गर्ने र नेतृत्व तहमा विकास गराउने विकल्पको बारेमा एक शब्द खर्च गरेन । यसबाट के स्पष्ट हुन्थ्यो भने, राज्यको चौथो अंगकर्मीहरु पनि समावेशीको सवालमा सर्वसाधारण नागरिक सरहकै धारणाबाट ग्रस्त छन् ।

मुलुकको बदलिदो राजनीतिक परिवेशमा यतिबेला समावेशीको सवाल व्यापक बहसको विषय बनेको छ । राज्यको हरेक निकायमा समावेशीको सवाल उठीरहेको बेला ढीलै भएपनि संचार क्षेत्रमा पनि यो सवालले बहसको रुप लिएको छ । हुन त, संचार जगत भनेको समाजको ऐना भएकोले यसको संरचना र विषयबस्तु सामाजिक बनौट अनुरुप बहुलवादी स्वरुपको हुनै पर्ने हो । तर, यो यथार्त आदर्शमा मात्र सिमित बनेको कारण यतिबेला संचारमा बहुलवादको विषयलाई मिडियाको आचरसंहिता कै एक बुँदाको रुपमा ग्रहण गरिनु पर्ने धारणा अन्तराष्ट्रिय तहमा नै उठेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक भएको हुँदा संचार जगतले सबै वर्ग/समुदायको सुसूचित हुने समान हकलाई सम्मान गर्दै विभिन्न भाषा-भाषी, संस्कृति र पिछडिएका वर्गलाई उत्थान र जगेर्ना गर्ने किसिममा सामाग्री संप्रेसन गर्नुपर्ने हो । तर, एकात्मक ढाँचाको शासन पद्धतिको प्रतिविम्व संचार क्षेत्रमा पनि देखिन्छ । पिछडिएका र राज्यको स्रोत साधनमा पहुँच पुग्न नसेकेका वर्ग/क्षेत्रका सवाललाई संचारमाध्यमले संप्रेशन गर्न सकिरहेको छैन । पछिल्लो चरणमा यसमा सुधार देखिए पनि संचारमाध्यमले अझैपनि नेपाली बहुलवादी संरचनालाई आत्मसात गर्न सकेको छैन । त्यसैले यतिबेला संचारमाध्यममा ती समुदाय स्वयंको उपस्थितिको आवाज उठ्न थालेको छ । संचार क्षेत्रमा ती समुदाय र वर्गको प्रतिनिधित्व र बहुलवादी दृष्टिकोणको अभावमा संचारमाध्यमले बहन गर्नुपर्ने सामाजिक उत्तरदायित्व आग्रहमा मात्र सिमित बन्दै आएको समावेशी मुद्दाका अगुवाहरु बताउछन् ।

नेपाली संचार माध्यममा समावेशी संरचनाको कुरा गर्दा सरकारी स्वामित्वमा सञ्चालन भइरहेको संचार माध्यमहरुतर्फ सबैको औंला तेर्सिने गरेको छ । राज्यको कोषबाट सञ्चालन गरिएका माध्यमबाटै समावेशीय सोचको विकास नहुँदा निजी क्षेत्रले यसलाई अपरिहार्य मापदण्डको रुपमा लिएका छैनन् । हुन पनि यो मामलामा सरकारी संचारमाध्यमहरु अत्यन्त असुहष्णि रहेको तथ्यहरुबाट स्पष्ट हुन्छ । राज्यतहबाट नै यो सवाललाई गौण ठानिएका कारण संचारमा ती समुदायको उपस्थिति न्यून छ । समावेशीको सवालमा महेन्द्रनगरमा उर्लिएका स्वरहरु त्यही अवस्थाको सतही विष्लेशण हो ।

सरकारी स्वामित्वमा संचालन भइरहेका संचारमाध्यहरुमा हाल विद्यामान् नीति निर्माण तह र समाचार निर्माण तहको संरचनालाई हेर्ने हो भने समावेशीको कहाली लाग्दो तस्बिर छर्लङ्ग हुन्छ । पछिल्लो तथ्याङ्क अनुसार यी चार ओटै संचारमाध्यमहरुको नीति निर्माण तह अर्थात संचालक तहका कूल १९ पदाधिकारी मध्ये ६८ दशमलब ४२ प्रतिशत बाहुन/क्षेत्रीको प्रतिनिधित्व छ । आदिवासी जनजातिको प्रतिनिधित्व १० दशमलब ५२, सोही अनुपातको प्रतिनिधित्व महिलाको रहेका छन् भने मधेशी समुदायको ५ दशमलब २६ र दलितको पनि ५ दशमलब २६ नै प्रतिनिधित्व रहेका छन् । आदिवासी जनजातिको प्रतिनिधित्वमा नेवार बाहेक अन्य शुन्यको अवस्थामा छन् ।

यस्तै संचारकर्मीतर्फको संरचना पनि एकात्मक किसिम कै देखिन्छ । चारवटै माध्यमहरुमा उपत्यकामा रहेर क्रियाशील कुल १ सय ४६ संचारकर्मी मध्ये ६८ दशमलब ४९ प्रतिशत ब्राम्हण/क्षेत्री को उपस्थिति छ । महिलाको प्रतिनिधित्व १४ दशमलब ३८ प्रतिशत, जनजातिको उपस्थिति १० दशमलब २७ प्रतिशत र मधेशी र दलितको प्रतिनिधित्व क्रमशः ६ दशमलब १६ र शुन्य दशमलब ६८ प्रतिशत रहेका छन् । यी संचारमाध्यमहरुको छुट्टा-छुट्टै अवस्थालाई हेर्ने हो भने कुनैमा कुल संचारकर्मी मध्ये ८२ प्रतिशत सम्मा बाहुन/क्षेत्रको बाहुल्यता देखिन्छ ।

सरकारी संचारमाध्यमहरुमा प्रकाशन/प्रशारण हुने सामाग्रीहरुको पछिल्लो विषयबस्तु विश्लेषणले देखाए अनुसार आदिवासी जनजाति, महिला, दलित, मधेशी लगायतका समुदायको सवालहरुका बारेमा सभा/सम्मेलनका भाषणजन्य सामाग्रीहरुले केही स्थान पाएको छ तर, ती समुदायको वास्तविक सवालहरुलाई प्राथमिकता ढंगले उजागर गर्ने किसिमको सामाग्रीहरुले कुनै स्थान पाएको देखिदैन । यसबाट के स्पष्ट हुन्छ भने सरकारी स्वामित्वमा रहेको संचारमा

माध्यमहरुमा नै देशको बहुलवादी संरचनाको प्रतिविम्वि देखिदैन । सञ्चारकर्मीमा समेत एकात्मक भएकोले समाचारकक्षामा बहुलवादी सोचको पूर्णतया अभाव छ ।

त्रिभुवन विश्वविद्यालय रत्नराज्य लक्ष्मी क्याम्पसमा लामो समयदेखि पत्रकारिता तथा आमसंचार विषयको प्रध्यापन गर्दै आउनु भएका लालदेउसा राई भन्नु हुन्छ- राज्यले समावेशीयुक्त संचार नीति ल्याएर त्यसलाई सर्वप्रथम सरकारी संचारमाध्यमबाट कार्यन्वयनको थालनी गरिनु पर्दछ । राज्यद्धारा संचालन गरीरहेको संचारमाध्यमहरुलाई निजीकरण गरी त्यसमा सबै समुदायको  शेयर समावेश गराएर ती माध्यमहरुमा उनीहरुको पनि स्वामित्व स्थापित गराउनु पर्ने धारणा उहाँको छ ।

संचारमाध्यम वा पत्रकारितालाई आवाज विहीनहरुको आवाज हो भन्ने कुरा पत्रकारिताको शिक्षामा सबैभन्दा पुरानो र प्राथमिक अवधारणा हो । संचारमाध्यममा विभिन्न क्षेत्रका सवाल र समस्याहरुलाई उठान गर्नका लागि तीनै समुदायका र क्षेत्रका संचारकर्मीको आवश्यकता हुन्छ भन्ने मान्यता गलत हो । तर, नेपालको सन्दर्भमा चाहि यो मान्यतालाई अनुशरण गरको नपाइएकाले यतिबेला संचारमाध्यममा ती समुदायका व्यक्तिहरुको पनि उपस्थिति जरुरी छ भन्ने सवाल अघि आएको छ ।

कार्य सम्पन्न गरी सकेका उच्चस्तरीय मिडिया सुझाब आयोगका अध्यक्ष राधेश्याम अधिकारीको विचारमा संचारमाध्यमले समावेशीकरणका सवालहरुलाई उठाउनु नै पर्दछ । संचारमाध्यममा पिछडिएका समुदायका व्यक्तिको प्रतिनिधित्व होस् या नहोस् । सबै समुदायका मानिसहरु संचारमा प्रतिनिधित्व हुन सकेमा सबै भन्दा राम्रो हुन्छ । तर प्रतिनिधित्व हुन नसके पनि ती सवालहरुलाई नकार्न नमिल्ने उहाँको विचार छ । यस्ता मामलामा सरकार जहिले पनि पछि नै पर्ने गरेकाले संचार माध्यमहरुलाई त्यसप्रति सचेत गराउन संचारकर्मीहरुको संस्था, नागरिक समाजका प्रतिनिधिमुलक संस्थाहरु र समावेशी सवालका अगुवाहरुको भुमिका नै महत्वपूर्ण रहने उहाँको धारणा छ ।

समावेशीको नाममा व्यक्तिको प्रतिनिधित्व भन्दापनि संचारमाध्यममा समावेशीय र नेपाली सामाजिक संरचना अनुरुपको बहुलवादी सोचको विकास हुनुपर्ने मूख्या सवाल हो । तर, २ सय ३८ वर्ष अघिदेखि एकात्मक र केन्द्रिकृत राज्यपद्धतिको विकास भएको समाजमा तुरुन्तै यो अवधारणाले मुर्त रुप लिन्छ भन्ने कुराको विश्वास गर्न सकिदैन । राज्यसंरचनाको यो परिवर्तित सन्दर्भलाई स्वीकार गर्न सक्षम संचारमाध्यमको विकासका लागि व्यवहार र सोचको परिवर्तन त जरुरी छ नै, राज्यले संचारलाई बहुलवादी स्वरुपमा विकास गर्नका लागि तत्काल नीति निर्माण गरी राज्य कै स्वामित्व रहेका संचारमाध्यमहरुबाट कार्यान्वयन प्रारम्भ गरिनु अपरहार्य देखिएको छ ।

राजधानी दैनिकमा प्रकाशित

.......................